लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
# नयाँ विमर्श
Naya Bimarsha Weekly

वर्ष १८, अंक ०९, २०८१ असोज ४ गते शुक्रबार (Sept. 20, 2024) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रू.१०।- (संस्थागत रु.१५।- website: www.nayabimarsha.com

## राष्ट्रिय ध्वजावाहकलाई सुधार्ने तयारी

काठमाडौं/ नेपाल वायु सेवा निगमले राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सलाई सक्षम बनाउने योजना अघि सारेको छ। विश्वका अन्तर्राष्ट्रिय विमानहरुको प्रतिस्पर्धी बनाउनका लागि विभिन्न योजना निगमले सारेको हो।





निगमले चार वर्षको योजना सार्वजनिक गरेको छ। पछिल्लो योजना अनुसार १५ वटा विमान पुऱ्याउने लक्ष्य निगमले लिएको छ। यसमा आन्तरिकतर्फ ९ र अन्तर्राष्ट्रिय उडानमा ६ सहित १५ विमान थपेर प्रतिस्पर्धी सेवा दिने योजना बनाइएको बताइएको छ।

निगमसँग अहिले अन्तर्राष्ट्रिय गन्तव्यका लागि चार र आन्तरिकका लागि एउटा मात्रै जहाज उडानयोग्य अवस्थामा रहेकाले आगामी (बाँकी ७ पृष्ठमा)

# सहकारी प्रकरणले दलहरुमा समस्या

**काठमाडौं/ सहकारी प्रकरणले सबै दलहरुमा समस्या पार्न थालेको छ। देशभरी खुलेका सहकारीहरुमध्ये केही सहकारीहरुले बद्मासी गरिदिंदा सहकारी अहिले त्रास बन्दै गएको छ। सहकारीमा जोडिने व्यक्तिहरु कुनै न कुनै दलमा आवद्ध हुने भएका कारण व्यक्तिको गल्तीलाई दलसँग जोडेर हेर्न थालिएको छ। दलहरुमा आवद्ध व्यक्तिहरुले आफ्नो व्यक्तिगत स्वार्थमा परी सहकारीको रकम दुरुपयोग गर्दा कहिले कुन दल त कहिले कुन दल बद्नाम बन्दै गएका छन्।**




सहकारीको बद्नामीको मारमा सबैभन्दा बढी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)परेको छ। मुलुकको मुहार फेर्ने तथा सुशासनका कुराहरु गर्दै कुर्लने रास्वपाका सभापति रवि लामिछानेले सहकारीको रकम अपचलन गरेको विषय अहिले बढी चर्चामा छ। उनको कर्मलाई ठगी काण्डका रुपमा व्याख्या गरिँदै आइएको अवस्थामा सो प्रकरणमा संसदीय छानविन समिति नै बनेको थियो। उक्त समितिले दिएको प्रतिवेदनलाई लिएर झनै अन्यौलको अवस्था आएको छ। समितिका सभापति सूर्यबहादुर थापा क्षत्रीले उनीमाथि कारबाही सिफारिस गर्न सरकारलाई सुझाव दिएको बताएका छन्। उता, लामिछाने र उनका दलका नेताहरु भने उनले 'क्लिन चिट' पाएको भनी अपव्याख्या गर्दै हिंडेको अवस्था छ।

सोही कारण लामिछाने निकै तनाबमा परेका बताइएको छ।पूर्वगृहमन्त्री समेत रहेका लामिछानेले छानविन समितिले बुझाएको प्रतिवेदनपछि असन्तुलित अभिव्यक्तिहरू दिइरहेका बताइएको छ।समितिले गोर्खा मिडिया नेटवर्क प्रा.लि.का तात्कालीन प्रबन्ध निर्देशक लामिछानेसहित चारजनालाई दोषी ठहर गर्दै कारबाही सिफारिस गरेको बताइएको छ।

कारबाही सिफारिसलाई लामिछानेले बङ्ग्याएर आफ्नो बचाउन गर्न थालेका बताइन्छ।सहकारी संस्थामा रहेको बचतकर्ताको रकम अनियमित तवरबाट गोरखा मिडिया नेटवर्क प्रा.लि. को खातामा आएको कुरा समितिले प्रष्ट बनाएको छ। उक्त रकम खर्च गर्ने, गराउने प्रक्रियामा संलग्न रहेको भनी लामिछानेलाई दोषी बनाइएको बताइएको छ। सञ्चालकहरू अध्यक्ष गितेन्द्रबाबु राई (जीबी राई) र सदस्य कुमार रम्तेल तथा तात्कालीन प्रबन्ध निर्देशक रवि लामिछाने र सञ्चालक छविलाल जोशी कम्पनीमा साझेदारका रूपमा बहाल रहेको अवधिमा भएका कार्यहरुमा उनीहरुको जिम्मेदारी रहने बताइएको छ।

उनीहरु सहकारीबाट कम्पनीमा आएको रकमको हकमा जिम्मेवार रहेको हुँदा प्रचलित कानून बमोजिम कारबाहीका लागि नेपाल सरकारलाई सिफारिस गर्ने कुरा छानविन प्रतिवेदनमा उल्लेख छ। रकम अपचलनमा संलग्न रही फरार रहेका गितेन्द्रबाबु राईसहितका व्यक्तिहरूलाई शीघ्र खोजी गरी कानूनी कारबाहीको दायरामा ल्याउन सरकारलाई निर्देशन दिएको अवस्थामा लामिछानेले 'क्लिन चिट' पाएको भनी अपव्याख्या गरेको दाबी गरिएको छ।

प्रतिवेदनको सुझाव खण्डमा राईसहित थानबहादुर बुढा मगर सूर्यदर्शन पोखरा, दिनेश रोक्का सहारा चितवन, सागर के.सी. सुप्रिम बुटवल, तस्वीर खातुन सानो पाइला वीरगञ्ज र भूपेन्द्र राई स्वर्णलक्ष्मी काठमाडौंलाई शीघ्र खोजी गरी कानूनी दायरामा ल्याउन नेपाल सरकारलाई निर्देशन दिने उल्लेख छ।

(बाँकी ७ पृष्ठमा)

## कांग्रेसनिकटका इन्जिनियरहरु विजयी

काठमाडौं/ इन्जिनियरहरुको साझा संस्था नेपाल इन्जिनियर्स एशोसिएसनको अध्यक्षमा नेपाली कांग्रेस निकट सिडेनका उम्मेदवारहरु विजयी भएका छन्। अध्यक्षमा



सुवासचन्द्र बराल फराकिलो मतान्तरले विजयी भएका हुन्।

निकटतम प्रतिद्वन्द्वी विष्णुप्रसाद पाण्डेलाई पराजित गर्दै उनले विजयको माला पहिरिएका थिए। बरालले ४ हजार ८४२ मत पाउँदा उनलाई (बाँकी ७ पृष्ठमा)

## अस्पतालमा अख्तियारको छापा




काठमाडौं/ प्रादेशिक अस्पताल गौरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले छापा मारेको छाअस्पतालले खरिद गरेका औषधि तथा उपकरणहरूको परीक्षण गर्न मुचुल्का तयार पारेर ल्याइएको आयोगले जनाएको छ।

अस्पतालमा रहेका सामग्री तथा औषधिहरू खरिद विवरणसँग मेल खान नसकेपछि अनुसन्धान अघि बढाइएको आयोग स्रोतले जानकारी दिएको छ। अस्पताल विकास समितिका अध्यक्ष अनवर हासमी र मेडिकल सुपरिटेन्डेन्ट मुरारी ठाकुरले गोप्य टेन्डरमार्फत औषधि उपकरण खरिद गरी व्यापक आर्थिक अनियमितता गरेको अनुमान गरिएको छ।

(बाँकी ७ पृष्ठमा)

## आजदेखि अन्तर्राष्ट्रिय सम्मेलन

काठमाडौं/ नेपालमा आजदेखि अन्तर्राष्ट्रिय बालसाहित्य सम्मेलन शुरु हुने भएको छ। भोलि शनिबारसम्म चल्ने यो सम्मेलनमा विभिन्न देशबाट ३१ जना विदेशी साहित्यकारहरुको समेत सहभागिता रहने आयोजकले जनाएको छ।

नेपाल प्रज्ञा प्रतिष्ठान र नेपाल बालसाहित्य समाजको आयोजनामा हुन गैरहेको यो सम्मेलनमा विदेशीका अतिरिक्त नेपाली बालसाहित्यकारहरुको समेत सहभागिता रहने बताइएको छ। मेचीदेखि महाकालीसम्मका बालसाहित्यमा कलम चलाउनेहरु यो सम्मेलनमा सहभागी हुन आइसकेको जानकारी प्रचार प्रसार उपसमितिका संयोजन अनन्त वाग्लेले जानकारी दिए।

विदेशबाट आउने सहभागीहरुलाई खाने, बस्ने तथा घुम्ने प्रबन्ध आयोजकले नै मिलाएका छन्। उनीहरुले सहभागिता शुल्क तिर्नु नपर्ने (बाँकी ७ पृष्ठमा)

## सरकारले भुक्तानी दिन जतातत्तै बाँकी !

रुषा थापा

अहिले निर्माण व्यवसायीहरु भन्छन्, 'हामीले काम गरेबापतको ६० अर्ब रकम सरकारले दिएन।' कोरोना महामारीको समयमा स्वास्थ्य बीमा गराएका अस्पतालहरु पनि ११ अर्ब भुक्तानी नपाएको गुनासो गर्छन्। दुग्ध कृषकहरु पनि सरकारले सात अर्ब भुक्तानी नदिएको बताउँछन्। उखु किसानहरु भन्छन्, 'हाम्रो पनि अर्ब भुक्तानी दिएको छैन सरकारले।'

सरकारले जतातत्तै भुक्तानी दिएको छैन। हरेक क्षेत्रमा बक्यौता तिर्न बाँकी नै छ। त्यो पनि लाख, करोड नभई अर्बौं। सरकारले विदेशीसँग मात्र २७ खर्ब ऋण लिइसकेको छ। हामी सर्वसाधारणबाट पनि वार्षिक खर्बौं राजस्व उठाइन्छ। यता, विदेशमा रगतपसिना बगाई कमाएर नेपाली युवाहरु यहाँ प्रैसा ( रेमिट्यान्स) पठाउँछन्। अनि यी सबै पैसा कहाँ गयो ? अहिले जनप्रतिनिधि मात्र ३६ हजार छन्। यसमा वडाध्यक्ष, प्रमुख, उपप्रमुख, सांसद, मन्त्री, प्रधानमन्त्री, राष्ट्रपति सबै पर्दछन्। एउटै जनप्रतिनिधिले मासिक ५० हजारदेखि चार लाखसम्म तलब र सेवासुविधा उपभोग गर्छन्। हरेकलाई सरकारी गाडी दिइएको हुन्छ। उनीहरुले चढ्ने सवारीसाधन पाँच लाखदेखि २५ करोड मूल्यसम्मको छ।



उता, सरकारी कर्मचारीहरुको संख्या पनि उत्तिकै छ। अहिले करार, ज्यालादारी र स्थायी सेवा गरी लाखौं कर्मचारी कार्यरत छन्। एउटै कर्मचारीले महिनाको ३५ हजारदेखि दुई लाखसम्म तलब खान्छन्। उनीहरुलाई पनि जनप्रतिनिधिलाई जस्तै महंगो सरकारी गाडी दिइएको हुन्छ। सुरक्षाकर्मीहरु लाखौंको संख्यामा छन्। नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीमा लाखौं कर्मचारी कार्यरत छन्। उनीहरुले पनि मासिक २५ हजारदेखि लाखौं रुपियाँसम्म तलब बुझ्छन्। सेवासुविधा अलग्गै हुन्छ। सरकारले सेवा निवृत्त भएपछि कर्मचारीहरुलाई

(बाँकी ७ पृष्ठमा)

JANASHAKTI
By HR Capital Nepal


## अन्तर्राष्ट्रिय सम्मेलन ऐतिहासिक हुने

*(नेपालमा आजदेखि पहिलो पटक अन्तर्राष्ट्रिय बालसाहित्य सम्मेलन हुँदैछ। बालसाहित्यको विश्वव्यापी रुपमा चर्चा चलिरहेको अवस्थामा नेपालमा पहिलो पटक नेपाल प्रज्ञा प्रतिष्ठान र नेपाल बालसाहित्य समाजको संयुक्त आयोजनामा यो सम्मेलन हुन गैरहेको छ। नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति विमल निभा यस सम्मेलनको मूल आयोजक समितिको संयोजक समेत हुनुहुन्छ। यसैगरी नेपाल बालसाहित्य समाजका महासचिवका रुपमा कार्यरत विजयराज आचार्य मूल समितिमा सदस्य सचिवको रुपमा कार्यरत हुनुहुन्छ। यसै सन्दर्भमा उहाँहरुसँग गरिएको कुराकानीको संक्षिप्त अंश यहाँ प्रस्तुत गरिएको छ। –सम्पादक)*

### बालसाहित्यलाई अन्तर्राष्ट्रियकरण गर्न

**विमल निभा**

*आजदेखि अन्तर्राष्ट्रिय बालसाहित्य सम्मेलन नेपालमा गरिँदै छ, यो किन आवश्यक देख्नुभयो ?*



- बालसाहित्यको विश्वव्यापी रुपमा महत्व छ। नेपालमा पनि बालसाहित्यको इतिहास लामै छ। यस्तो अवस्थामा विश्वका विभिन्न देशहरुमा बालसाहित्यसँग जोडेर सम्मेलनहरु हुने गरेका छन्। यस्तो अवस्थामा नेपालमा पनि अन्तर्राष्ट्रियस्तरको सम्मेलन गरौं भनी पहिलेदेखि नै भन्ने गरिए पनि त्यसले मूर्त रुप लिन पाएको थिएन। त्यसैले त्यसलाई मूर्त रुप दिन पनि यो सम्मेलन गर्न लागेका हौं। खासमा भन्दा नेपालको बालसाहित्यलाई अन्तर्राष्ट्रियकरण गर्न यो सम्मेलन गर्न लागेका हौं।

*अन्तर्राष्ट्रिय सम्मेलन भनिएको छ, यसमा कुन कुन देशका साहित्यकारहरु सहभागी हुँदै हुनु हुन्छ ?* (बाँकी ७ पृष्ठमा)

### सबैको मेहनत छ

**विजयराज आचार्य**

*अन्तर्राष्ट्रिय सम्मेलनको तयारी कुन अवस्थामा पुगेको छ ?*



- नेपालमा यो पहिलो पटक हुन गैरहेकाले हामीले एकदमै सोचेर, सावधानीपूर्वक सम्मेलन सम्पन्न गर्नुपर्ने अवस्था आएको छ। पहिलो पटक आयोजना हुन गैरहेका कारण केही समस्याहरु देखिए पनि हामीले त्यसको व्यवस्थापन गरी सकेका छौं। समग्रमा भन्नु पर्दा हामी पूर्ण तयारीको अवस्थामा छौं।

*व्यवस्थापनको पाटोबाट हेर्दा कस्तो अवस्था छ नि ?*

- निश्चय नै व्यवस्थापनको पाटो सहज हुँदैन। प्राविधिकदेखि विभिन्न किसिमका व्यवस्थापनको पाटो मिलाउनु सहज कार्य होइन। त्यसै कुरालाई मध्यनजर गरेर हामीले विभिन्न उपसमिति बनाई सम्मेलनलाई भव्य र सभ्य रुपमा (बाँकी ७ पृष्ठमा)

INTERNATIONAL CHILDREN'S LITERATURE CONFERENCE-2024
अन्तर्राष्ट्रिय बालसाहित्य सम्मेलन-२०८१

First International Conference on Children's Literature

September 20-22, 2024
Kathmandu

Organized by:
Nepal Academy
&
Nepalese Society for Children's Literature (NeSChiL)

Special Features
☐ Seminar Paper Presentation
☐ Panel Discussions
☐ Book Exhibition
☐ 'Meet the Author' Program
☐ Art Exhibition
☐ Cultural Performances
☐ Storytelling

Please register yourself. The first hundred entries from Nepal will be entertained on priority basis.

International delegates will be especially contacted by the organizers.

For registering, please log in to www.nepalbalsahitya.org.np

# Nepalese Society for Children's Literature

**Introduction**

Nepalese Society for Children's Literature (NESCHIL) is one of the leading organizations of the children's literature in Nepal. It is located in Kathmandu. It was established in 1987 (Ghatasthapana, 2044 BS). It is a non-profit organization registered under the Government of Nepal with registraton number 13\045\46 in Kathmandu. Neschil is a voluntary organization devoted to development of child's literature and reading habits in the country. Since then, it has been actively working in the country in the field of children's literature. It is a parental organization of century. Printed books were rare for children till the publication of educational books in the beginning of 20th century.Books for children came into wider use since the mid of 20th century. The publication of books for children started only a century ago. In the contemporary Nepal, the percentage of literacy though seems improving but publication of book specially written for children is figures about 3000 titles. Traditional story telling practices have been helping to some extent to educate and entertain children. School books also facing difficulties in distribution throughout the publication, reading, distribution and research for the development of children's literature.

- Encourage children, parents, teachers, publishers and social workers in promoting children's reading and honour creators of outstanding contributors.
- Publish journal, organise seminars and work-shops and manage compitition and award writers of children's literature.
- Develop links and co-operations with national and international organizations devoted to children's literature and reading habits.

districts in the country.

– Organise seminars, symposiums, talk programs, discussion meeting and story telling sessions, book exhibitions and promotional programs.

– Arrange interaction programmes with children as well as meetings with parents, publishers and authorities working for children.

– Coordinate innovative programs like mobile (Book box) libraries, school libraries, distribution of reading materials and creative writing programs.

NESCHIL has also conducted programs in collaboration with Nepal

**नेपाल बालसाहित्य समाज (नेबासास)**
**Nepalese Society for Children's Literature**
**Nepalese Section of International Board on Book for Young People (NBBY)**

which some members are leading their own organizations too. It is also a pioneer and national level institution of more than 200 prominent writers, illustrators, journalists, publishers, librarians, researchers and experts. NESCHIL works in collaboration with individuals and institutions of similar aims and objectives. As children's are leaders of future, we work to help them to become able, capable and good global citizen. As a national organization, NESCHIL offers opportunities in various fields of children's literature.

**Children's Literature in Nepal**

Nepal is the country where virgin girls are worshiped as living goddess. The geographical, ethnological and biological diversities have created this Himalayan country as a play ground of the children of diverse nature and culture. The population of children of 0-14 years is about 40%. The literary rate of Nepal was very low and slows till the middle of 20th century. The public education started since the beginning of 20th country. Realising the need of the children dozens of publishers and organizations have been emerged in recent years. But appropriate and standardized books for children are lacking. Translation and research activities in the field of children's literature are slow. NESCHIL is trying to create awareness and develop reading materials for them with its limited resources.

**Objectives**

NESCHIL as a prominent organization, working for the development of children's literature, has following objectives:

- Work to promote children's literature through programs and publications along with advocating children's rights.
- Coordinate to develop mutual cooperation between writers, illustrators, editors, translators, teachers, librarians, publishers, researchers, experts and individuals related to childrenn's programs and organizations working in the field of children's literature.
- Launch various programs to promote creation,

**Affiliation**

NESCHIL was a member of International Board on Books for Young (IBBY) in 2006 and the Executive Committee works for both the organizations.

**Co-ordination**

NESCHIL works with close co-operation with various organizations devoted to children's literature, children's reading and activities related to the welfare of children. For this, it forms various sub committees to involve them in order to perform specific programs and projects.

**Activities**

NESCHIL is actively working to fulfil objectives and promote children's literature in Nepal.

– We publish selected quality book of reputed writers and quality writiing.

– We are publishing a journal *Bal Sahitya* and a newsletter regularaly.

– Translate best books of different languages published in Nepal and abroad for the children.

– Organise annual conferences each year in seperate places of different Academy, UNICEF, UNESCO, IBBY Yamada Project, Danish Writers Association, CWIN, READ Nepal, other INGOs, NGOs and schools. NESCHIL Published Nepalese Encyclopaedia for Children in collaboration with UNESCO for the first time in Nepal in 2004 and the second revised edition is scheduled for 2017.

**Membership**

Membership is open to both individuals and institutions and they are from different professions like writers, teachers, educationists, publishers, illustrators and librarians , organizations devoted to children's literatures and reading.

There are four categories of membership: General, Life, Honorary and Institutional. Application form can be downloaded from the website: www.neschil.org

**NESCHIL Advisors**

Prof. Dr. C.M. Bandhu, Prof. Ram Kumar Panday, Dr. Tirtha Bahadur Shresth, Mr. Biswambhar Chanchal Mrs. Maya Thakuri, Mr. Viktor Pradhan and Mr. Vijaya Chalise.

## Participants from Foreign Country for International Conference

| | |
|---|---|
| Deepa Agarwal | India |
| Dr. Dipen Tamang | India |
| Dr. Kavita Lama | India |
| Dr. Tek Bahadur Chhetri | India |
| Ajit Patra | India |
| Atanu Kumar Basu | India |
| Dr. Daibaki Sedai Timalsina | India |
| Prof. Hassannuzzaman | Banglaesh |
| Humayun Kabir Dhali | Banglaesh |
| Ratan Chandra Paul | Banglaesh |
| Mahedi Hassan | Banglaesh |
| Md. Zahidul Islam | Banglaesh |
| Chulananda Samaranayake | Sri Lanka |
| Thanuja Nishanthi Ayagama | Sri Lanka |
| B.G.M. Janappriya | Sri Lanka |
| J.H.A. Jayaliyajayasekara | Sri Lanka |
| Mahesh Pathirathna | Sri Lanka |
| Chhatrapati Fuyel | Bhutan |
| Liao Xiaoqin | China |
| Peng Luirong | China |
| Zheng Liwei | China |
| Liu Dihong | China |
| Li Mengwei | China |
| Huang Chunhua | China |
| Wu Yiwei | China |
| Moon Chabggil | South Korea |
| Harohuto Nozu | Japan |
| Sally Altschuler | Denmark |
| Marlin Verbrugge | Netherland |
| Tul Tul Biswas | India |
| Brigitte Rozario | Malaysia |

# बालसाहित्य समाजको नेतृत्वमा को को ?

नेपाल बालसाहित्य समाजको वर्तमान कार्यसमिति प्रमोद प्रधानको नेतृत्वमा क्रियाशील रहेको छ। बालसाहित्यमा लामो समयदेखि क्रियाशील एवम् पूर्व कार्यसमितिका उपाध्यक्ष प्रधानको नेतृत्वमा नवगठित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा कृष्णदीप सिग्देल रहनु भएको छ। वरिष्ठ उपाध्यक्षले भने वागमती प्रदेशका गतिविधिहरू हेर्ने प्रावधान रहेको छ। यस्तो व्यवस्था कार्यसमितिमा पहिलोपल्ट भएको हो।

यसैगरीछ जना उपाध्यक्षहरूमा डा. यादेवी ढकाल (कोसी), नवराज रिजाल (मधेस), विजयराज न्यौपाने (गण्डकी), प्रा.डा. कपिलदेव लामिछाने (लुम्बिनी), कालीबहादुर



शाही (कर्णाली) डा. पुष्करराज भट्ट (सुदूरपश्चिम) रहनुभएको छ।समाजको महासचिवमा विजयराज आचार्य, सचिवमा डा. विष्णुकुमार खत्री र राजेन्द्रभक्त जोशी तथा सदस्यहरूमा अर्पिता शाक्य, प्रभा भट्टराई, भानु भट्टराई, मन्जु ज्ञवाली, समन श्रेष्ठ र सुशीला प्रधानाङ्ग हुनुहुन्छ। वर्तमान कार्यसमिति बाह्रौं कार्यसमिति हो। २०८० बैशाख २ गतेदेखि यो कार्यसमितिले पदभार ग्रहण गरेको हो।

अन्तर्राष्ट्रिय सम्मेलनको शुभकामना

नेपाल प्रज्ञा प्रतिष्ठान र नेपाल बालसाहित्यसमाजद्वारा नेपालमा पहिलो पटक आयोजित (२०८१ असोज ४ र ५ गते) अन्तर्राष्ट्रिय बालसाहित्य सम्मेलन–२०८१ मा देश-विदेशबाट पाल्नु हुने सबै प्रतिनिधि तथा सहभागीहरुलाई सम्मेलनको सफलताको कामना गर्दछौं। साथै, विभिन्न राष्ट्रबाट पाल्नु हुने अतिथिहरुले नेपालमा न्यानो आतिथ्यताका अतिरिक्त नेपालको बालसाहित्य तथा सुन्दर नेपालका बारेमा जानकारी पाउन सफल हुन होस् भन्ने कामना पनि गर्दछौं।

एच.आर.क्यापिटल नेपाल परिवार

अन्तर्राष्ट्रिय सम्मेलनको शुभकामना

नेपाल प्रज्ञा प्रतिष्ठान र नेपाल बालसाहित्यसमाजद्वारा नेपालमा पहिलो पटक आयोजित (२०८१ असोज ४ र ५ गते) अन्तर्राष्ट्रिय बालसाहित्य सम्मेलन–२०८१ मा देश-विदेशबाट पाल्नु हुने सबै प्रतिनिधि तथा सहभागीहरुलाई सम्मेलनको सफलताको कामना गर्दछौं। साथै, विभिन्न राष्ट्रबाट पाल्नु हुने अतिथिहरुले नेपालमा न्यानो आतिथ्यताका अतिरिक्त नेपालको बालसाहित्य तथा सुन्दर नेपालका बारेमा जानकारी पाउन सफल हुन होस् भन्ने कामना पनि गर्दछौं।

परिवर्तन कानूनी केन्द्र प्रा. लि. परिवार

अन्तर्राष्ट्रिय सम्मेलनको शुभकामना

नेपाल प्रज्ञा प्रतिष्ठान र नेपाल बालसाहित्यसमाजद्वारा नेपालमा पहिलो पटक आयोजित (२०८१ असोज ४ र ५ गते) अन्तर्राष्ट्रिय बालसाहित्य सम्मेलन–२०८१ मा देश-विदेशबाट पाल्नु हुने सबै प्रतिनिधि तथा सहभागीहरुलाई सम्मेलनको सफलताको कामना गर्दछौं। साथै, विभिन्न राष्ट्रबाट पाल्नु हुने अतिथिहरुले नेपालमा न्यानो आतिथ्यताका अतिरिक्त नेपालको बालसाहित्य तथा सुन्दर नेपालका बारेमा जानकारी पाउन सफल हुन होस् भन्ने कामना पनि गर्दछौं।

इन्टरनेशनल स्टुडेन्ट्स् प्यारेन्ट वेलफेयर सेन्टर नेपाल परिवार


कौशलकुमार भट्टराई


कृष्ण लम्साल


पिएमणि भट्टराई


हरि शरण जमकटेल

प्रधान–सम्पादक/प्रकाशक : **कौशल कुमार भट्टराई (९८५११३८२३७)**
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
वरिष्ठ संवाददाता: आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजक: एस. भट्टराई
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुख: स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौं–कार्यालय : बबरमहल, काठमाडौं, फोन: ०१–४२६७०६४
इमेल : nayabimarsha@gmail.com,
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

## सम्पादकीय.....................

# खोला किनाराको मापदण्डबारे स्पष्ट होऊ

काठमाडौं उपत्यकामा खोला किनारामा २० मिटर मापदण्ड कायम गर्ने सर्वोच्च अदालतको फैसलाको विषयलाई लिएर अहिले सरकार अदालतकै शरणमा पुगेको छ ।अदालतको फैसला कार्यान्वयनमा जटिलता हुने जिकिर सहित सरकार त्यस विरुद्ध अदालतमा पुनरावलोकन ( भ्याकेट) लिएर गएको हो। अदालतमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानून सचिवले फैसला पुनरावलोकनको निवेदन दर्ता गरेका हुन्। २०८० पुसमा सर्वोच्चको संयुक्त इजलासबाट भएको फैसला कार्यान्वयन गर्न नसकिने भन्दै सरकारले त्यसका तीनटा कारण अघि सारेको छ। यसको पहिलो कारणमा फैसला कार्यान्वयन गर्न आर्थिक रूपमा सम्भव नहुने सरकारको दाबी छ। काठमाडौंमा १९ वटा खोला रहेको तथा उक्त फैसला कार्यान्वयनमा जाँदा ती खोलाको दायाँबायाँ ८ हजार ३०४ घर टहरा र ४२ हजार नागरिक विस्थापित हुने अवस्थालाई सरकारले उठाएको छ। फैसला कार्यान्वयन गर्दा क्षतिपूर्ति दिएर भत्काउनुपर्ने हुँदा त्यो आर्थिक रूपमा सम्भव नहुने तर्क गरिएको छ।

कार्यान्वयनमा जानकालागि संवैधानिक, कानूनी र व्यावहारिक समस्या सिर्जना हुने तर्क पनि सरकारले गरेको छ ।विगत केही समययता हुँदै आएका विरोध प्रदर्शनी, हस्ताक्षर सङ्कलन लगायतका जनस्तरका स्वतःस्फूर्त अभियानहरूबाट फैसला अस्वीकार हुनसक्ने पूर्वाभास भएको तर्क पनि गरिएको छ। प्रारम्भिक अनुमानमा पुनर्वासको व्यवस्था गर्नका लागि हालको बजेटको सात वर्षको विकास बजेट पुनर्वासका लागि खर्च हुने देखिएको कुरालाई सरकारले उठाएको छ। यसो गरिएका खण्डमा अन्य क्षेत्रका जनता पनि विकासको बजेटबाट वंचित हुनुपर्ने अवस्थामा पुग्ने कुरालाई सरकारले सहज रुपमा लिन नसक्ने कुरालाई आधार बनाएको छ।

नदी क्षेत्रका सार्वजनिक जग्गालाई पार्क, हरियाली क्षेत्र, खेलकुदसहित खुला क्षेत्र कायम गर्नु आवश्यक देखिएकाले खुला क्षेत्र नै कायम गर्ने, सरकार वा कुनै संस्था वा स्मृति प्रतिष्ठानको प्रयोजन वा अन्य प्रयोजनका लागि जग्गा हस्तान्तरण नगर्ने र नगराउन पनि अदालतले परमादेश जारी गरेको थियो ।अदालतको फैसलाको विरुद्धमा सरकार पुनरावलोकनमा गएपछि यो विषयलाई अदालतले के कसरी भोलिका दिनमा व्याख्या गर्छ त्यो भने हेर्न बाँकी नै रहेको छ। अदालतले यसअघि गरेको फैसला तथा अहिले सरकारले उठाएका जटिलताका विषयमा अदालतले सही समाधान फेरि निकाल्ने अपेक्षा जनस्तरबाट भैरहेको छ।

# नेपाली बालसाहित्यको अवस्था, प्रवृत्ति र चुनौती


**प्रमोद प्रधान**

१. **विषय प्रवेश**

बालबालिका देशको उज्ज्वल भविष्यका आधार मात्र नभएर विश्वलाई नयाँ स्वरूप, संरचना र दिशामा अघि बढाउने अग्रगामी पाइलाहरू पनि हुन् । त्यसैले बालबालिकाका लागि देश, काल, परिस्थिति, परिवेश र आवश्यकता अनुकूलको शैक्षिक व्यवस्थाका अतिरिक्त अनौपचारिक शिक्षाको व्यवस्था गर्नु आवश्यक छ । समयसँगै ज्ञानविज्ञानको क्षेत्र विस्तृत र व्यापक भइरहेका कारण पनि शैक्षिक पाठ्यक्रममा आधारित शिक्षा मात्रले बालबालिकाको सर्वाङ्गीण विकास हुन सक्दैन । त्यसका लागि बालवाङ्मय र बालसाहित्य सबैभन्दा प्रभावकारी माध्यम हो । यसबाट एकातिर बालबालिकाको मानसिक र संवेगात्मक विकासमा महत्त्वपूर्ण सहयोग पुग्छ भने अर्कोतिर बालबालिकालाई सिर्जनात्मक बनाउन पनि यथेष्ट मद्दत पुऱ्याउँदछ । बालसाहित्यका माध्यमबाट हामी बालबालिकाका जिज्ञासाहरूको समाधान, ज्ञानको प्रवर्द्धन, चेतना र सोचको विकास एवम् परिष्कार, सिर्जनशीलताको विकास, भाषिक क्षमताको विकास, चारित्रिक सुधार र लोकसंस्कृतिको हस्तान्तरण, पढ्ने प्रवृत्तिको विकास, मानवीय मूल्य र मान्यताप्रतिको जागरुकता अभिवृद्धि गर्न सक्छौं ।

२. **नेपाली भाषामा बालसाहित्य**

२.१ **लोकबालसाहित्य**

लिखित साहित्यको सुरुवात हुनुअगाडि जुनसुकै भाषामा पनि लोकसाहित्यको एक लामो र सुदृढ परम्परा विकसित भएको पाइन्छ, यो स्वाभाविक पनि हो । औपचारिक शिक्षाप्रणाालीको विकास हुनुअघि आफ्ना बालबालिकालाई घरमा नै शिक्षा दिने प्रचलनअनुसार लोककविता, लोकगीत, लोककथा, गाउँखाने कथा, उखानटुक्काहरूलाई शिक्षणसामग्री रूपमा प्रयोग गर्ने गरिन्थ्यो भने अहिले पनि लोकसाहित्यको उपयोगिता घटेको पाइँदैन । लोकबालसाहित्यलाई विधागत रूपमा तीन शीर्षकमा विभाजन गर्न सकिन्छ : १. बाललोकगीत/कविता २. बाललोककथा र ३. गाउँखाने कथा ।

नेपाली लोकबालसाहित्यको सङ्कलनकार्यमा बोधविक्रम अधिकारी ( १९५१-२००८), ललितजङ्ग सिजापती ( १९५३-२०५१), करुणाकर वैद्य (१९७१-२०४६), सत्यमोहन जोशी (१९७८-२०७९), धर्मराज थापा (१९८१-२०७१), विपिनदेव ढुङ्गेल (१९८३-२०४५), काजीमान कन्दङ्वा (१९८६-२०६०),पासाङ गोपर्मा (१९९१- ?), कृष्णप्रसाद पराजुली ( १९९२-२०७०),लीलासिंह कर्मा (१९९३-२०५८), तुलसी दिवस (१९९८), जुजुराम कुशले, मोतीलाल पराजुली (२०१३-२०७८), कपिल लामिछाने (२०१५), शिवप्रसाद पौड्याल (२०२३- ?), मातृका तिम्सिना ( २०१६) आदिले सङ्कलन र सम्पादन गरी यसको संरक्षणमा योगदान पुऱ्याएका छन् ।

२.२ **लिखित बालसाहित्य**

बालबालिकाहरूका औपचारिक शिक्षाका लागि लेखिएका पाठ्यपुस्तक, अन्य सहायक पठनसामग्री र अनौपचारिक शिक्षणसामग्रीलाई लिखित बालसाहित्यअन्तर्गत लिन सकिन्छ। हाम्रो सन्दर्भमा पनि लोकबालसाहित्यको अविच्छिन्न लामो परम्परापछि लिखित बालसाहित्यको परम्परा क्रमिक रूपमा अघि बढेको पाइन्छ। लिखित बालसाहित्यको विकासलाई पनि दुई भागमा विभाजन गरी हेर्न सकिन्छ : १. पाठ्य बालसाहित्य र २. पाठ्येतर बालसाहित्य ।

२.२.१. **पाठ्य बालसाहित्य**

राणाकालीन राजनीतिक निरङ्कुशताका कारण शिक्षामा लगाइएको बन्देजले गर्दा नेपाली भाषामा पाठ्य बालसाहित्यको लेखनक्रम अत्यन्तै ढिलो सुरु भएको पाइन्छ। जबसम्म देशमा शैक्षिक विकासका साथै चेतनाको द्वार खुल्दैन र विद्यालयको स्थापना, अध्ययनप्रणालीको विकास, पाठ्यक्रमको निर्माण र विकास हुँदैन तबसम्म पाठ्य बालसाहित्यको लेखन सम्भव हुँदैन। यही कारणले नेपाली भाषामा पाठ्य बालसाहित्यको रचना हुन थालेको अहिले १३१ वर्ष मात्र पुगेको देखिन्छ।

बालबालिकाहरूलाई औपचारिक रूपमा शिक्षा दिनका लागि पुस्तकहरूको अभावलाई दृष्टिगत गरी निस्केका पुस्तकहरूमा अहिलेसम्मको खोज र अन्वेषणले पहिलो पुस्तक हुने श्रेय प्राप्त गरेको छ- *गोर्खा पैह्ला किताब* (भाग-१)ले। बालपाठ्यपुस्तकका रूपमा निस्केको यो पुस्तकको लेखक गङ्गाधर द्रविड थिए र यो पुस्तक वि.सं. १९४९ मा निस्केको देखिन्छ। हुन त त्यसबेला नेपालमा विद्यालयको स्थापना भएको थिएन, तर पनि आ-आफ्ना घरमा केटाकेटीहरूलाई पढाउनका लागि समेत बालपाठ्यपुस्तकको अभाव देखिएकाले नै द्रविडले त्यसतर्फ कलम चलाएको अनुमान गर्न सकिन्छ। गङ्गाधर द्रविडलाई गङ्गाधर शास्त्री पनि भनिएको छ।*आचार्य वंशावली* (१९५९) को रचनासँग पनि उनको नाम जोडिएको र उनका*इङ्गलिस गाइड पार्ट १* (सन् १८९२) र *सर्वसङ्ग्रह*( १९५३) पनि छापिएको अनुसन्धाताहरूले उल्लेख गरेका छन्।

बालबालिकाहरूलाई औपचारिक रूपमा शिक्षा दिनका लागि राणा-प्रधानमन्त्री देवशमशेरले वि.सं. १९५८ मा पहिलोपल्ट विद्यालयको स्थापना गरेपश्चात् नेपाली भाषामा पाठ्यसामग्रीको आवश्यकता महसुस गरियो र यस कार्यमा राजा जयपृथ्वीबहादुर सिंह (१९३४-१९९७) ले आफ्नो प्रयासलाई केन्द्रित गरे। वास्तवमा बालबालिकाहरूका लागि उपयोगी हुने विविध विषयका पाठ्यपुस्तक तयार गर्ने कार्यमा राजा जयपृथ्वीबहादुर सिंहको योगदान अद्वितीय र अविस्मरणीय छ। उनले *अक्षराङ्क शिक्षा*( १९५८), *बालबोध*(भाग १, १९५८) सहित थुप्रै बालपाठ्यपुस्तक रचना गरेको देखिन्छ। *स्रेस्ताबोध* (भाग १ र २), *पदार्थ तत्व विवेक*( १९६२), *इतिहास शिक्षा दर्पण* (१९६४), *व्यवहारमाला* (१९६५), *भूगोल विद्या*( १९६७),*प्राकृति व्याकरण*(१९६९) र *तत्वप्रशंसा*(१९७०) जस्ता उनका कृति पनि बालपाठ्यसामग्रीका रूपमा अत्यन्त महत्वपूर्ण छन् । उनीभन्दा पहिले पनि पाठ्यबालसामग्रीतर्फ केही प्रयास भएको भने पाइन्छ।

वि.सं. १९७० मा गोर्खा भाषा प्रकाशिनी समितिको स्थापना भएपछि बालपाठ्यसामग्रीको लेखन र प्रकाशनमा संस्थागत प्रयासको थालनी भएको देखिन्छ। यस समितिद्वारा बत्तीस शीर्षकका विभिन्न पुस्तक प्रकाशित गरिएको समितिका प्रथम अध्यक्ष राममणि आ. दी. (१९३९-२०२८) ले*पुरानो सम्झना*पुस्तकमा उल्लेख गरेका छन्। त्यसपछि सिद्धराज जोशीका दुई कृति प्रकाशित भएको पाइन्छ। गोर्खा भाषा प्रकाशिनी समितिबाट देवीदत्त पराजुली (१९३०-२०१०), चक्रपाणि चालिसे (१९४०-२०१५), लेखनाथ पौड्याल (२०४१-२०२२), महानन्द सापकोटा (१९५३-२०३५), रुद्रराज पाण्डे (१९५७-२०४३), तुलसीप्रसाद ढुङ्गेल (१९५७-२०३९), बदरीनाथ भट्टराई(१९६५-२०५२), लक्ष्मीप्रसाद सापकोटा, गोपाल पाँडे 'असीम' (१९७०-२०३५), आदिका बालोपयोगी पाठ्यकृति र फुटकर पाठ्य रचनाहरू पनि प्रकाशित भएका छन् ।सागरमणि आ. दी. ( १९७२-२०४५), जनकलाल शर्मा (१९८३-२०५६), श्यामकृष्ण गौतम, चित्तरञ्जन नेपाली, देवीप्रसाद काफ्ले (१९९४), नेत्रबहादुर थापा,श्यामदास वैष्णव (१९८१-२०७२)बालपाठ्यपुस्तक लेखनमा अग्रणी देखापर्छन् । बालपाठ्यपुस्तक लेख्ने अन्य लेखकहरूमा खड्गमान मल्ल (१९६८-२०५४), केशवलाल कर्माचार्य (१९८३-२०४६), शङ्कर लामिछाने (१९८४-२०३२), हर्षनाथ भट्टराई (१९८४) बालकृष्ण पोखरेल (१९९०-२०७६) पनि उल्लेखनीय छन् । बालपाठ्यपुस्तक तयार गर्ने अन्य लेखकहरूमा किरात, पुण्यरत्न वज्राचार्य, दिल्लीबहादुर, मङ्गलकुमार, दमन नेपाली, कृष्णराज अर्याल, दिल्लीबहादुर श्रेष्ठ, गोपीनाथ उपाध्याय, दीर्घमान श्रेष्ठ, गोकुलप्रसाद शर्मा अीद देखिन्छन् ।

यस प्रकार पाठ्य बालसाहित्य तयार गर्ने कार्य वि.सं. १९४९ मा सुरु भई निरन्तर रूपमा भइरहेको छ। वि.सं. २०२८ मा नयाँ शिक्षापद्धतिको योजना लागू हुनुअघि भक्तबहादुर पब्लिसर्स, रत्न पुस्तक भण्डार, सहयोगी प्रकाशन, साझा प्रकाशन, सरस्वती बुक डिपोलगायतका प्रकाशनसंस्थाहरूबाट बालपाठ्यसामग्री प्रकाशित हुँदै आएको थियो भने नयाँ शिक्षापद्धतिको योजना लागू भएपछि यसको एकाधिकार जनक शिक्षा सामग्री केन्द्रले प्राप्त गऱ्यो । यसले गर्दा पाठ्य बालसाहित्यको लेखन र प्रकाशनकार्यमा शिथिलता आउनु स्वाभाविक थियो । जनक शिक्षा सामग्री केन्द्रले विगतमा *महेन्द्रमाला*का विभिन्न भागका साथै पाठ्यक्रमसँग सम्बन्धित अन्य कक्षागत पुस्तकहरू प्रकाशन गर्दै आएकोमा अहिले पनि त्यसलाई निरन्तरता दिएको छ। अङ्ग्रेजी र नेपाली माध्यमका निजी विद्यालयहरू प्रशस्त मात्रामा खोलिन थालेपछि अन्य प्रकाशनसंस्थाहरू पनि अहिले बालपाठ्यसामग्री र सहायक बालपाठ्यसामग्रीको उत्पादनतर्फ पुनः सक्रियताका साथ लागेको पाइएको छ। यस्ता बालपाठ्यसामग्रीहरू लेख्ने एवम् सम्पादन गर्नेहरूमा डा. तारानाथ शर्मा (१९९२), ठाकुर पराजुली (१९९७), वासुदेव त्रिपाठी ( १९९९), देवीप्रसाद सुवेदी (२००५), शरच्चन्द्र वस्ती, महादेव अवस्थी (२०१५) र पारसमणि भण्डारी (२०१३) महत्वपूर्ण छन्। यसबाहेक डा. भूपहरि पौडेल (२०१३), बेगेन्द्र सुब्बा, रामचन्द्र खनाल, कमल ज्ञवाली, छायादत्त न्यौपाने, भोला ओझा, लावण्य ढुङ्गाना, डा.कुमारबहादुर जोशी, ऋषिराम शर्मा, देवी नेपाल, प्रभात सापकोटा, रमेशप्रसाद भट्टराई, रामप्रसाद ज्ञवाली, गणेशप्रसाद भट्टराई, टीकाराम शर्मा पौडेल, धीरकुमार श्रेष्ठ, जनार्दन आचार्य, नेत्रप्रसाद न्यौपाने, गुरुप्रसाद पोखरेल, भरतकुमार साउद, शोभा अधिकारी, डा. ध्रुवकुमार घिमिरे, तेजप्रकाश श्रेष्ठ, प्रभाती किरण, नारायण निरासीका पनि बालपाठ्यसामग्री प्रकाशित भएका छन्। यसैगरी ऋचा कौशिकी, वशिष्ट उपाध्याय, शचन वस्ती आदि पनि यस कार्यमा संलग्न देखिन्छन्। बालपाठ्यसामग्री प्रकाशन गर्नेहरूमा रत्न पुस्तक भण्डार, नेपाली साहित्य प्रकाशन केन्द्र, भुँडीपुराण प्रकाशन, एकता प्रकाशन, कोसेली प्रकाशन, युनाइटेड नेपाल पब्लिकेसन प्रा.लि., सुन्दर पुस्तक भण्डार, आठराई प्रकाशनको सहभागिता देखिएको छ। पाठ्य बालसाहित्यको सम्बन्ध सरकारको शिक्षा नीति, पाठ्यक्रम र पाठ्यविषयहरूसँग हुने भएकाले तदनुरूप नै पाठ्य बालसाहित्यको लेखन र प्रकाशन हुनु स्वाभाविक हो।

२.२.२. **पाठ्येतर बालसाहित्य**

विद्यालयको पाठ्यक्रमलाई आधार नमानी स्वतन्त्रतापूर्वक लेखिएका बालपुस्तकहरू नै वास्तवमा बालसाहित्य हुन्। बालबालिकालाई पाठ्यपुस्तकका अतिरिक्त अनौपचारिक पाठ्यसामग्रीको पनि आवश्यकता हुन्छ भन्ने धारणा जागृत नभइसकेको हाम्रो देशमा यस्ता पुस्तकहरूको लेखन र प्रकाशनको सुरुआत धेरै पछि मात्र हुनुलाई अस्वाभाविक मान्न सकिन्न। वास्तवमा नेपाली बालसाहित्यतर्फ सचेत रूपमा पहिलो पाइला चाल्ने व्यक्ति महाकवि लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) नै हुन्। वि.सं. १९९७ मा प्रकाशित *राजकुमार प्रभाकर* देवकोटाकै प्रथम बालकृति मात्र नभई नेपाली भाषामा लेखिएको बालसाहित्यकै प्रथम कृति र पहिलो बालखण्डकाव्य पनि हो। महाकवि देवकोटाले बालसाहित्यमा निरन्तर कलम चलाएर *पुतली* (२००९), *सुनको बिहान*(२०१०), *चिल्ला पातहरू* (२०२१) र *छाँगासँग कुरा* (२०२६) जस्ता कवितासङ्ग्रह र *कटक*(२०२६) वीरगाथाकाव्य प्रदान गरी नेपाली बालसाहित्यलाई पुष्ट बनाउन योगदान दिएका छन्।

देवकोटापछिका महत्वपूर्ण बालसाहित्यलेखकहरूमा माधव घिमिरे ( १९७६-२०७७), देवकुमारी थापा (१९८४-२०६८), रमेश विकल(१९८५-२०६५), कृष्णप्रसाद पराजुली (१९९२-२०७०) र परशु प्रधान (२०००-२०८०) हुन् । नेपाली बालसाहित्यको कविताविधामा कवि माधव घिमिरेको योगदान बिर्सिनसक्नु छ। बालबालिकाहरूको रुचि र मनोभाव, उनीहरूको दैनन्दिनी, बालभाषाको प्रयोग र मनोरञ्जनलाई सूक्ष्म अध्ययन गरी लेखिएका कवि घिमिरेका बालकविताहरू नेपाली बालसाहित्यका महत्वपूर्ण प्राप्ति हुन्। देवकुमारी थापाले दार्जिलिङ छँदै बालकथा र बालजीवनीका क्षेत्रमा सचेतताका साथ कलम चलाइन्। यसै समयमा रमेश विकल, कृष्णप्रसाद पराजुली र परशु प्रधान पनि विशिष्ट बालसाहित्यकारका रूपमा देखिए।

यसै क्रममा ध्रुव दवाडी (१९५७ ई-२००४ ई.), कुलमणि देवकोटा, कृष्णप्रसाद दुवाल, बालकृष्ण पोखरेल, जीवनलाल सत्याल, नन्दराम लम्साल, निमा छिरिङ् शेर्पा, कमलप्रकाश शर्मा, प्रकाश कोविद, पासाङ गोपर्मा, हरिश बमजन, केदारमणि आ.दी., देवीप्रसाद वनवासी, गौरीरानी प्रधान, बालकृष्ण सम (१९५९-२०३९), यदुनन्दन के.सी. आदिका बालोपयोगी कृतिहरू प्रकाशित भए। वि.सं. २०३६ मा अन्तर्राष्ट्रिय बालवर्ष मनाइएपछि बालसाहित्यको लेखन र प्रकाशनमा पहिलेभन्दा तीव्रता आउनुका साथै केही नयाँ प्रयासहरू पनि भए। कविता, कथा, जीवनी र उपन्यासमा सीमित नेपाली बालसाहित्य अब एकाङ्की र चित्रकथाजस्ता विधामा समेत लेखिन थाल्यो भने उपन्यासका माध्यमबाट वैज्ञानिक चेतना बालबालिकासम्म पुग्न थाल्यो । साथै बालबालिकाहरूलाई पठनसामग्रीका अतिरिक्त चित्रसज्जा र रङ्गद्वारा आकर्षण गर्नुपर्छ भन्ने चेतना पनि लेखक एवम् प्रकाशकहरूमा देखापऱ्यो।

३.**नेपाली बालसाहित्यको विकासक्रम**

नेपाली भाषाका लेखिएका बालपठनसामग्री र बालसाहित्यको स्थितिको सामान्य सर्वेक्षण अघिल्ला अध्यायमा गरिएको छ। विभिन्न तथ्यका आधारमा नेपाली बालसाहित्यको इतिहासलाई विभिन्न चार चरणमा राखेर हेर्न सकिन्छ। बालसाहित्यको प्रकाशन स्थिति, त्यस क्षेत्रमा भएका गतिविधिहरूलाई आधार मानेर यो चरण निर्धारण गरिएको हो। चार चरण यी हुन् :

३.१ **पहिलो चरण** (१९४९-१९९६)

बालबालिकाको औपचारिक शिक्षाका लागि लेखिएका पाठ्यपुस्तक, अन्य सहायक पठनसामग्री र अनौपचारिक शिक्षणसामग्री नै लिखित बालसाहित्य हुन्। लिखित बालसाहित्यको विकासलाई पाठ्य बालसाहित्य र पाठ्येतर बालसाहित्यगरी दुई भागमा विभाजन गरी हेर्न सकिन्छ । तर शिक्षाको विकास र विस्तार नभएको अवस्थामा पाठ्येतर बालसाहित्यको अपेक्षा गर्नु स्वाभाविक देखिँदैन। पाठ्येतर बालसाहित्यको विकासको पूर्वाधार भनेको पाठ्यसामग्रीको विकास, शैक्षिक चेतनाको अभिवृद्धि र पठनसंस्कृतिको प्रवर्द्धन हो। त्यसैले नेपाली बालसाहित्यको विकासक्रमको पहिलो चरणमा पाठ्य बालसाहित्यमात्र लेखिएको पाइन्छ। नेपाली भाषामा बालबालिकालाई लक्षित गरी लेखिएको पहिलो कृतिको प्रकाशन १९४९ सालमा भएको देखिएकाले नेपाली बालसाहित्यको विकासक्रमको पहिलो चरण सोही सालबाट सुरु भएको र पहिलो पाठ्येतर बालसाहित्य प्रकाशन भएको १९९७ साललाई आधार मानेर पहिलो चरणको अन्त्य १९९६ सालमा भएको मानिएको छ। त्यसैले नेपाली बालसाहित्यको विकासको पहिलो चरणमा १९४९ देखि १९९६ सम्मको अवधिलाई लिइएको छ।

राणाकालीन राजनीतिक निरङ्कुशताका कारण शिक्षामा लगाइएको बन्देजले गर्दा नेपाली भाषामा पाठ्य बालसाहित्यको लेखनक्रम अत्यन्तै ढिलो सुरु भएको पाइन्छ। जबसम्म देशमा शैक्षिक विकासका साथै चेतनाको द्वार खुल्दैन र विद्यालयको स्थापना, अध्ययन प्रणालीको विकास, पाठ्यक्रमको निर्माण र विकास हुँदैन तबसम्म पाठ्य बालसाहित्यको लेखन सम्भव हुँदैन। यही कारणले नेपाली भाषामा पाठ्य बालसाहित्यको रचना हुन थालेको अहिले १३२ वर्ष मात्र पुगेको देखिन्छ।

बालबालिकालाई औपचारिक रूपमा शिक्षा दिनका लागि राणा-प्रधानमन्त्री देवशमशेरले १९५८ सालमा पहिलोपल्ट विद्यालयको स्थापना गरेपछि नेपाली भाषामा पाठ्यसामग्रीको आवश्यकता महसुस गरियो र यस कार्यमा राजा जयपृथ्वीबहादुर सिंहले आफ्नो प्रयासलाई केन्द्रित गरे। वास्तवमा बालबालिकाका लागि उपयोगी हुने विविध विषयका पाठ्यपुस्तक तयार गर्ने कार्यमा राजा जयपृथ्वीबहादुर सिंहको योगदान अद्वितीय र अविस्मरणीय छ। हुन त उनीभन्दा पहिले पनि पाठ्यबालसामग्रीतर्फ केही प्रयास भएको पाइन्छ। यस्ता प्रयास गर्नेहरूमा गोपाल पाण्डे, नन्दिकेश्वर, डमरुबल्लभ पोखरेल, शिखरनाथ सुवेदी आदि थिए।

उल्लिखित विश्लेषणका आधारमा पहिलो चरणका विशेषताहरूलाई निम्न बुँदाहरूमा समेट्न सकिन्छ :विशेषतः बालपाठ्यसामग्रीको तयारी, सिर्जनात्मक बालसाहित्य लेखनतर्फ लेखनको ध्यान,धार्मिक पौराणिक विषयको आख्यानीकरण,नीतिपरकता र औपदेशिकताको आधिक्यतथा बालपठनसामग्रीको लेखन तथा प्रकाशनमा संस्थागत प्रयासको थालनी। यस चरणका प्रमुख लेखकमा गङ्गाधर शास्त्री द्रविड, जयपृथ्वीबहादुर सिंह, राममणि आ.दी., चक्रपाणि चालिसे, लेखनाथ पौड्याल र रुद्रराज पाण्डे आदि हुन्।

३.२ **दोस्रो चरण** (१९९७-२०३५)

वि.सं. १९९७ देखि नेपाली बालसाहित्यको दोस्रो चरण सुरु हुन्छ। यसभन्दा अघि अर्थात् १९९६ सालसम्म नेपाली बालबालिकाका लागि बालपाठ्यपुस्तक र फुटकर रचनाहरू प्रकाशित भएको देखिए पनि स्वतन्त्र रूपले लेखिएको मौलिक सिङ्गो बालकृति भेटिएको छैन। तर १९९७ सालमा महाकवि देवकोटाको *राजकुमार प्रभाकर*प्रकाशित भएपछि भने स्वतन्त्र रूपमा नेपाली भाषामा बालकृति प्रकाशनको प्रारम्भ भएको देखिन्छ। यो घटना नेपाली बालसाहित्यका इतिहासमा अत्यन्त उल्लेखनीय घटना हो। यीलगायत दोस्रो चरणलाई पहिलो चरणभन्दा फरक मान्नुपर्ने कारणहरूलाई बुँदागत रूपमा निम्नानुसार चर्चा गर्न सकिन्छ :

१. **पाठ्येत्तर बालसाहित्यको सिर्जनामा बढ्दो सचेतता** :

माथि उल्लेख भएझैं यस चरणमा देवकोटाको *राजकुमार प्रभाकर*को प्रकाशनपछि पाठ्येत्तर बालसाहित्यको सिर्जनाप्रति लेखकहरूको रुचि र सचेतता बढेको पाइन्छ। यसै अवधिमा देवकोटाका अन्य चर्चित कृतिहरू *पुतली* (२००९) र *सुनको बिहान* ( २०१०) जस्ता कृतिमात्र प्रकाशित भएनन्, अपितु माधव घिमिरेजस्ता कवि, देवकुमारी थापा, रमेश विकलजस्ता कथाकार, कृष्णप्रसाद पराजुली, विश्वम्भर चञ्चलजस्ता रचनाकार यस क्षेत्रमा देखिए। यसबाहेक पनि यस कालमा थुप्रै लेखक बालसाहित्यको सिर्जनामा लागेको देखिन्छ।

२. **बालउपन्यास र जीवनी विधामा बालसाहित्यको विस्तार** :

(**बाँकी ४ र पाँच पृष्ठमा**)

# नेपाली बालसाहित्यको...

(पृष्ठ ३ बाट जारी)

बालकविता र बालकथामा सीमित नेपाली बालसाहित्यले यसै चरणमा विस्तार हुने अवसर पाएको हो। नेपाली लेखकहरूको ध्यान बालउपन्यास लेखनतर्फ गएका कारण २०२२ सालमा पहिलो बालउपन्यास *साबु* प्रकाशित हुन पुग्यो। यसका लेखक भद्र थापा साबी भए पनि उनको र कृतिको बारेमा धेरै कुरा थाहा हुनसकेको छैन। त्यसपछि अञ्जुदेवी भट्टराई (२०१०) को *रामु र श्यामुको बहादुरी* (२०२९) र शेषनारायण मानन्धरको *सिरुकी बाख्री*(२०२९) जस्ता उपन्यास प्रकाशित भएर यस विधामा पनि कृति प्रकाशनको थालनी भएको देखिन्छ।

नेपाली बालसाहित्यमा जीवनी विधा पनि यसै चरणमा विस्तार भएको पाइन्छ। बदरीनाथ भट्टराईको *नेपालको तारा* २००९ सालमा प्रकाशित भएपछि यस विधामा लेखकहरूको ध्यान जान थाल्यो। यस चरणमा निस्केका अन्य जीवनीकृतिहरूमा बन्धु (१९९७) को *महाकवि लक्ष्मीप्रसाद देवकोटा* (२०१८), *बालकृष्ण सम* (१९५९ २०३९) को*हाम्रा राष्ट्रिय विभूतिहरू* (२०२४), जीवन अधिकारीको*हाम्रा पुर्खा*(२०२७) र यदुनन्दन केसीको*नेपालका महान विभूतिहरू* (२०३३) जस्ता कृति रहेका छन्।

**३. धार्मिक एवं पौराणिकका साथै लोककथामा आधारित बालसाहित्यको सिर्जना**

यस चरणमा धार्मिक पौराणिक ग्रन्थका अतिरिक्त लोककथामा आधारित बालकृतिहरूको सिर्जनातिर पनि नेपाली लेखकहरूको ध्यान गएको देखिन्छ। केदारमणि आ.दी.का *नीतिका कथा* (२०२५) र *हितका कथा* (२०२६) यसै चरणमा निस्किएका हुन्। देवकुमारी थापा, रमेश विकल, कृष्णप्रसाद पराजुली आदि लेखकका त्यसबेला निस्केका अधिकांश कृति लोककथाका पुनर्कथन नै हुन्। यसै समयमा साझा प्रकाशनले *एशियाली लोककथा*को शृङ्खलाबद्ध कृति प्रकाशन प्रारम्भ गर्‍यो र २०३४ सालमा पहिलो भाग प्रकाशित भयो।

**४. विदेशी बालसाहित्यको अनुवाद र आधारित कृतिको प्रकाशन :**

विदेशी बालसाहित्यबाट अनुवाद गरिएका कथाहरूको सङ्ग्रह र विदेशी कृतिमा आधारित बालकृतिको प्रकाशन पनि यसै चरणमा सुरु भएको देखिन्छ। परशु प्रधानका *सुनको छाती* (२०२९) र *घामछायाँ*(२०३०) जस्ता कृतिमा विदेशी बालकथाका अनुवाद छन् भने विश्वम्भर चञ्चलकोट*मको बहादुरी* (२०३०) मार्क ट्वेनको उपन्यासमा आधारित कृति हो।

**५. सामाजिक विषयवस्तुतर्फ लेखकको ध्यान :**

बालसाहित्यमा सामाजिक विषयवस्तुतिर पनि यसै चरणमा लेखकहरूको ध्यान गएको पाइन्छ। देवकुमारी थापा, रमेश विकल र कृष्णप्रसाद पराजुलीका कतिपय बालकथाहरूमा यस्ता विषयवस्तु पाइन्छन्।

**६. बालसाहित्यमा प्रगतिवादी चेतनाको विस्तार**

यस समयमा युद्धप्रसाद मिश्र र श्यामप्रसादले बालसाहित्यमा प्रगतिवादी चेतना भित्र्याएको पाइन्छ। मिश्रका केही बालकविता र श्यामप्रसादका गद्यरचनालाई उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ।

**७. पहिलो बालपत्रिकाको प्रकाशन**

पहिलो बालपत्रिकाको प्रकाशन पनि यसै चरणमा सुरु भएको हो। काठमाडौंको बालसखा दल समूहले धनमानसिंह परियारको प्रधान सम्पादकत्वमा *बालसखा* पत्रिकाको प्रकाशन २००८ माघमा थालेको देखिन्छ। यो नेपालबाट प्रकाशित पहिलो बालपत्रिका हो। त्यसपछि नरेन्द्रनाथ रेग्मीको सम्पादनमा *केटाकेटी* (२०१५), देवीप्रसाद काफ्ले र पृथ्वी मास्केको सम्पादनमा *छात्रछात्रा*(२०१६) र नेपाल बाल सङ्गठनको प्रकाशनमा *बालक* (२०२२) को प्रकाशन सुरु भयो। यीमध्ये *बालक*अहिले पनि प्रकाशन हुँदैआएको छ।

**८. बालसाहित्यको प्रकाशनमा निजीक्षेत्रको बढ्दो रुचि**

यस चरणमा बालसाहित्यका कृति प्रकाशनमा निजीक्षेत्रका प्रकाशकहरूको रुचि बढेको पाइन्छ। भक्तबहादुर बुक सेलर्स र रत्न पुस्तक भण्डारलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ। रत्न पुस्तक भण्डारले आफूअन्तर्गत बालसाहित्य प्रकाशनको नामबाट २०३० तिर नै बालसाहित्यको प्रकाशनमा रुचि देखाएको हो। रत्न पुस्तक भण्डारको सक्रियता यस क्षेत्रमा अझै पनि रहेको छ।

दोस्रो चरणका प्रमुख बालसाहित्यलेखकहरूमालक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६), सिद्धिचरण श्रेष्ठ (१९६९-२०४९), देवकुमारी थापा (१९८५-२०६८), बदरीनाथ भट्टराई (१९६५-२०५२), माधव घिमिरे (१९७६-२०७७), ध्रुव (१९७५-२०६०), कृष्णप्रसाद पराजुली (१९९२-२०७०), रमेश विकल (१९८५-२०६५), कुलमणि देवकोटा (१९८५-२०५९), कृष्णप्रसाद दुवाल (१९९६-२०७४), परशु प्रधान (२०००-२०८०), देवीप्रसाद वनवासी (१९९७), जीवनलाल सत्याल (१९८५-२०६५), विश्वम्भर चञ्चल (१९९८-२०८०),विश्वराज पाण्डे (१९९३) लाई लिनसकिन्छ। यस चरणमा केदारमणि आ.दी. र कमलप्रकाश शर्माले धार्मिक तथा पौराणिक नीतिकथा र लोककथाहरूलाई पुनर्कथन गरेर प्रकाशित गरेको देखिन्छ भने मधुकरी कर्माचार्यका बालकविता पनि प्रकाशित छन्।

**३.३ तेस्रो चरण** (२०३६-२०५९)

नेपाली बालसाहित्यको तेस्रो चरणको विसं. २०३६ मा सुरु भएको हो। संयुक्त राष्ट्र सङ्घले सन् १९७९ लाई अन्तर्राष्ट्रिय बालवर्षको रूपमा विश्वभर मनाउने घोषणा गरेपछि नेपालमा पनि सरकारी स्तरबाट मनाउन राष्ट्रिय समिति र जिल्ला समितिहरूमार्फत कामहरू हुन थाले भने विभिन्न साहित्यिक व्यक्तिहरूबाट पनि आफ्नै निजी प्रयासमा बालवर्षको उद्देश्य प्राप्त गर्न बालसाहित्यका क्षेत्रमा केही नयाँ प्रयास थालिए। त्यसैले २०३६ साल नेपाली बालसाहित्यको विकासको दृष्टिले महत्त्वपूर्ण मानिएको हो। २०३६ देखि २०५९ सालसम्मको अवधिलाई तेस्रो चरण मानिनुका कारणहरू यी हुन् :

**१. विधागत विस्तार**

नेपाली बालसाहित्यका क्षेत्रमा २०३६ साल अघिसम्म बालकविता, बालकथा, बालउपन्यास र जीवनीजस्ता विधामात्रै लेखिँदै आएका थिए। परम्परालाई धान्ने सिवाय यसमा नवीनपना केही थिएन। बालबालिकाको चाखलाई ध्यानमा राखेर चित्रलाई महत्व दिएर लेखिएका चित्रकथाहरू थिएनन्। अन्तर्राष्ट्रिय बालवर्षको सन्दर्भ पारेर जनक शिक्षा सामग्री केन्द्रले चित्रकथाको प्रकाशनमा रुचि लिएपछि नेपाली बालसाहित्यमा यो विधा भित्रियो। यसक्रममा केन्द्रले *धनी मुसो*(२०३७), *जूनकीरी* (२०३७),*जस्तो काम : उस्तै माम*(अनुल्लिखित), *एकै झापटमा सात खत्तम*(२०३७), *जमिन्दारकी दुलही* (२०३७), *गणेशको लड्डु*(२०३७),*बालक ध्रुव*(२०३८), *चङ्खे र बाँदर*(२०४०),*चङ्खे खरायो*(२०३७), *जिब्रो कटुवा सुगा*(२०३९) जस्ता चित्रकथाका पुस्तकहरू प्रकाशित गरेको पाइन्छ। यसैताका प्राथमिक सामग्री एकाइ, पाठ्यक्रम पाठ्यपुस्तक निरीक्षण केन्द्रबाट *फेरि मुसै भएस्*(२०४२), *मुसीको बिहे* (२०४३), *दयालु राजकुमार* (२०४३), *रमेश र उमेश* (२०४३) जस्ता तथा बालकोसेली प्रकाशनबाट *भ्यागुतो र बाछी* (२०४२) र *चार डाला नाक*(अनुल्लिखित) चित्रकथा प्रकाशित गरेर यस क्षेत्रलाई अझ अगाडि बढाउने काम भएको देखिन्छ।

अघिल्लो चरणसम्म नेपाली बालसाहित्यमा एकाङ्की तथा नाटक फुटकररूपमा मात्र प्रकाशित भइरहेको अवस्थामा यस चरणमा पहिलो बालनाट्यकृतिको प्रकाशन प्रारम्भ भयो। रमेश विकलको*सातथुङ्गा*(२०३७) नेपाली भाषामा प्रकाशित बालनाटकको पहिलो कृति हो र यसपछि मात्र बालनाट्यकृतिको प्रकाशन प्रारम्भ भएको पाइन्छ।

**२. आख्यानमा वैज्ञानिक विषय**

यस चरणमा नेपाली आख्यानका क्षेत्रमा महत्त्वपूर्ण पुस्तकहरू प्रकाशित भए र यसले यस क्षेत्रलाई अघि बढाउन ऐतिहासिक महत्वको काम गर्‍यो। सामान्य औपदेशिक बालउपन्यासमात्र लेखिइरहेको अवस्थामा *वनदेवी* (२०३६) र *पानीको थोपा* (२०३८) जस्ता बालउपन्यास र सामाजिक सन्दर्भका बालकथामात्र लेखिइरहेको अवस्थामा *गोकुलकी आमा कसरी निको भइन् ?*(२०३६) बालकथा प्रकाशित हुनु यस चरणको उपलब्धिका रूपमा स्वीकार्नु पर्छ। बालउपन्यासका लेखक कविताराम श्रेष्ठ हुन् भने बालकथाका लेखक जनकप्रसाद हुमागाईं हुन्। *वनदेवी*ले वनजङ्गलको र *पानीको थोपा*ले पानीको महत्त्वबारे बालबालिकालाई वैज्ञानिक ज्ञान प्रदान गर्दछ भने *गोकुलकी आमा कसरी निको भइन् ?*भन्ने बालकथाले स्वास्थ्यविज्ञानसम्बन्धी जानकारी र ज्ञान प्रदान गर्दछ।

**३. बालसाहित्यको अध्ययन-परम्पराको सुरुआत**

नेपाली बालसाहित्यबारे चर्चा-परिचर्चा र अध्ययन गर्ने परम्परा पनि यसै चरणमा सुरु भयो। २०४४ सालमा तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले आयोजना गरेको राष्ट्रिय बालसाहित्य सम्मेलनपछि डा. चूडामणि बन्धुको सम्पादनमा अङ्ग्रेजीमा *चिल्ड्रेन्स बुक्स एण्ड रिडिङ इन नेपाल*पुस्तक सन् १९८७ को डिसेम्बरमा प्रकाशित भयो। यसले नेपाली बालसाहित्यबारे अध्ययन परम्पराको सुरुवात गर्‍यो। त्यसपछि २०४५ सालमा अच्युतशरण अर्यालको *नेपाली बालसाहित्यको रूपरेखा* नामको कृति प्रकाशित भयो। यो नेपाली भाषामा लेखिएको बालसाहित्यसम्बन्धी पहिलो कृति हो। २०५६ सालमा जनकप्रसाद हुमागाईंको *नेपाली बालसाहित्य* प्रकाशित भयो। यसै चरणमा नेपाली बालसाहित्यको पहिलो इतिहासका रूपमा प्रमोद प्रधानको*नेपाली बालसाहित्यको इतिहास*(२०५७) प्रकाशित भयो। यस कृतिको चौथो संस्करण सकिएर पाँचौं संस्करणको तयारी भइरहेको छ। उनका अहिलेसम्म बालसाहित्यका इतिहास, समालोचना र अनुसन्धानात्मक समेत गरी ६ वटा कृति प्रकाशित भइसकेका छन्। अहिले अन्य लेखकका सिङ्गो कृति र फुटकर लेख रचना प्रकाशन गर्ने क्रम बढेको छ। विशेषगरि नेपाल बालसाहित्य समाजबाट प्रकाशित हुने वार्षिक पत्रिका *बालसाहित्य*मा त्यस्ता रचना छापिएका छन्।

**४. विश्वविद्यालयको पाठ्यक्रममा बालसाहित्य समावेश**

लामो समयसम्म विश्वविद्यालय र समालोचकहरूबाट उपेक्षित रहेको नेपाली बालसाहित्यले यसै चरणमा विश्वविद्यालयमा प्रवेश पाएको हो। त्रिभुवन विश्वविद्यालयले मानविकी तथा सामाजिक सङ्कायको तीनवर्षे स्नातक तह कार्यक्रमअन्तर्गत नेपाली मूल विषयको पाँचौं पत्रको ऐच्छिक विशेष अध्ययन समूह पाठ्यांशमा र शिक्षा सङ्कायअन्तर्गत पनि बालसाहित्यको पठन सुरु भएको छ। यस्तै पूर्वाञ्चल विश्वविद्यालयले तीनवर्षे बी.एड. कार्यक्रमअन्तर्गत नेपाली भाषाबाहेक अन्य मुख्य विषय लिई सहायक विषयका रूपमा नेपाली लिनेहरूका लागि नेपाली साहित्य र बालसाहित्य पाठ्यांश राखेको छ। यस्तै मध्यपश्चिम विश्वविद्यालयमा पनि बालसाहित्य पाठ्यांशमा राखिएको छ।

**५. बालसाहित्यसम्बन्धी पहिलो संस्थाको स्थापना**

विसं. २०४४ मा तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले राष्ट्रिय बालसाहित्य सम्मेलनको आयोजना गर्‍यो। प्रतिष्ठानका सदस्य डा. चूडामणि बन्धुको संयोजकत्वमा भएको सो सम्मेलनको समापनसँगै उनकै संयोजकत्वमा नेपाल बालसाहित्य समाजको गठन भयो। त्यसको प्रस्ताव प्रा. रामकुमार पाँडेले राखेका थिए। यसरी २०४४ को घटस्थापनाको दिन बालसाहित्यका लेखक, सम्पादक, चित्रकार, शिक्षकलगायतको सहभागितामा नेपाल बालसाहित्य समाजको स्थापना भयो। यसको स्थापना र विकासमा डा. बन्धुको योगदान अविस्मरणीय छ। यस संस्थाले बालसाहित्यसँग सम्बन्धित विभिन्न गतिविधि गर्दैआएको छ। यसका गतिविधिहरूमा *बालसाहित्य* वार्षिक पत्रिकाको प्रकाशन, बालपुस्तकका लेखक र चित्रकारलाई बर्सेनि पुरस्कार, वार्षिक साहित्य सम्मेलनलगायत रहेका छन्। यसले दुई दर्जन कृति पनि प्रकाशित गरिसकेको छ। साथै युनेस्कोको सहयोगमा नेपालमै पहिलोपल्ट *नेपाली बाल विश्वकोश*पनि तयार गरी प्रकाशित गर्‍यो।

यी उल्लिखित बुँदाहरूबाहेक पनि यस चरणमा बालसाहित्यको प्रकाशनमा प्रकाशनसंस्थाहरूको बढ्दो संलग्नता, बालपत्रिकाको सङ्ख्यामा देखिएको बढोत्तरी, बालसाहित्यसम्बन्धी कार्यशालाहरूको आयोजनाका कारण पनि यो चरण अघिल्ला चरणभन्दा सक्रिय देखिन्छ।

तेस्रो चरणका प्रमुख लेखकहरूगोपाल पराजुली (१९९७),कविताराम श्रेष्ठ (२००४-२०७४), जनकप्रसाद हुमागाईं (१९९४-२०६३), कल्पना प्रधान (२००३), तेजप्रकाश श्रेष्ठ (२००३), दैवज्ञराज न्यौपाने (२००४-२०६८), रज्जुश्री पराजुली (२००५), प्रेमा शाह (२००२-२०५४), रामबाबु सुवेदी (२००४), रामकुमार पाँडे (२००३), विजय चालिसे (२००८), ध्रुवकृष्ण दीप (१९९०-२०६३), भानुभक्त पोखरेल (१९९३-२०७..), शारदारमण नेपाल (२००४), श्यामप्रसाद (१९८६-२०७४), बानियाँ कान्छा (२०१२), शाश्वत पराजुली (२०२६), सुवर्णराम जोशी (१९९७-२०७८), चूडामणि बन्धु (१९९७), शान्तदास मानन्धर (१९९१-२०८०), दुर्गालाल श्रेष्ठ (१९९२), शैलेन्दुप्रकाश नेपाल (२०१८), बुँद राना(२००३), विजयराज न्यौपाने (२०११), कपिल लामिछाने (२०१५), ध्रुव घिमिरे (२०१६), रामेश्वर राउत मातृदास (२०२६), गुहनाथ पौडेल (२०१९), प्रमोद प्रधान (२०१५),शारदा अधिकारी (ढकाल, २०२१-२०६५), कनकमणि दीक्षित (२०१२), हिरण्यकुमारी पाठक (२०००), मधुसूदनप्रसाद घिमिरे (२०१३), वासुदेव मुनाल (२००६-२०७५),हरिहर तिमिल्सिना (२०२९), गोरखबहादुर सिंह (२००८-२०६९), किशोर पहाडी (२०१३), महेश पौडेल (२०१२), कन्हैया नासननी(२००२), नवराज रिजाल (२०२३), ज्योति अधिकारी (२०१७), सिर्जना शर्मा (२०१३) आदि हुन्।

**२.३.४ चौथो चरण** (२०६० देखि हालसम्म)

नेपाली बालसाहित्यको चौथो चरण २०६० लाई मान्नाका कारणहरू छन्। यसअघिसम्म बालसाहित्य लेखन, प्रकाशन र सम्बद्ध अन्य गतिविधिहरू सीमित रूपमा हुने गरेकामा २०६० देखि यस्ता कार्यमा तीव्रता आएको देखिन्छ। यसका अतिरिक्त बालसाहित्यका विषयवस्तुमा आएको नवीनता, मुद्रणमा देखिएको परिवर्तन, उमेर समूहलाई ध्यानमा राखी लेख्ने कार्यमा सचेततालगायतका कुराले यस अवधिलाई चौथो चरणको रूपमा लिइएको हो। विशेष गरेर अन्तर्राष्ट्रिय गैरसरकारी संस्था रूम टु रीडले बालसाहित्यका क्षेत्रमा हात हालेपछि यस क्षेत्रमा परिवर्तन देखापरेको हो। प्रकाशनका क्षेत्रमा रूम टु रीडको प्रवेशसँगै बालसाहित्यको विषयवस्तुमा रहेको सीमितता क्रमशः घट्दै गएको थियो। सो संस्थाले बालबालिकाका लागि विषयगत विविधता, उमेर समूह, आकर्षक चित्राङ्कन, सम्पादन गर्ने परिपाटी, आधुनिक तथा रङ्गीन मुद्रण प्रविधिमा ध्यान दिएर पुस्तक प्रकाशन गर्न थालेपछि यस क्षेत्रमा महत्वपूर्ण परिवर्तन देखिएको छ। त्यसैले २०६० सालपछिको अवधिलाई चौथो चरण मानिएको हो। यसबाहेक पनि चौथो चरण मान्नु पछाडिका अन्य कारणलाई बुँदागत रूपमा यसरी लेख्न सकिन्छ :

**१. बालसाहित्यका विषयगत विविधतातिर लेखक तथा प्रकाशकहरूको ध्यान**

यस चरण अघिल्ला चरणहरूभन्दा फरक हुनाको प्रमुख कारण विषयगत विविधतातिर लेखक तथा प्रकाशकहरूको ध्यान जानु प्रमुख हो। अघिल्ला चरणमा उपजीव्य स्रोत र सामाजिक विषयवस्तुमा आधारित रचनाहरू बढी लेखिने र प्रकाशित हुने गरेकामा यस चरणमा अन्य विभिन्न विषयसँग सम्बन्धित रचनाहरू प्रकाशित हुन थालेको देखिन्छ। रूम टु रीडले थालेको यो कार्यपछि अन्य प्रकाशकहरूले पनि यसलाई अघि बढाएको देखिन्छ।

**२. रङ्गीन पुस्तक प्रकाशनमा जोड**

यसअघिसम्म बालसाहित्यका कृतिहरू दुई रङ्ग कालो र सेतोमा छापिने गरेकोमा यस चरणमा आएर रङ्गीन बालपुस्तक छापिन थालेको पाइन्छ। वास्तवमा मुद्रण प्रविधिमा आएको सरलताका कारण पनि यस्तो प्रविधिमा जान सजिलो भएको हो। यसको सुरुआत पनि रूम टु रीडले पुस्तक प्रकाशन गर्ने क्रम थालेदेखि भएको हो।

**३. उमेर समूहअनुसार लेख्ने र छाप्ने क्रम बृद्धि**

बालबालिकाको क्षमता उमेरअनुसार फरक हुनु स्वाभाविक हो। तर नेपाली भाषामा लेखिएका बालसाहित्य यसअघिसम्म उमेरअनुसार लेखिएको थिएन। २०६० सालपछि भने बालबालिकाको उमेरअनुसार शिशु र प्राथमिक तहका लागि, किशोरहरूका लागि भनेर लेखिन थाले। यसअघि फाटफूट रूपमा लेखिएका भए पनि यसपछि भने सचेततापूर्वक लेखिन थालेको हो।

**४. विश्वविद्यालयीय पाठ्यक्रममा बालसाहित्य राख्ने क्रम बढ्दो**

बालसाहित्य एक प्रकारले अवहेलित अवस्थामा रहेको थियो। विश्वविद्यालयमा यसबारे अध्ययन र अध्यापन हुँदैनथ्यो। तर २०६० सुरु हुनु केही अघिदेखि विश्वविद्यालयमा बालसाहित्यले पनि प्रवेश पायो र २०६० पछि यो अझ विस्तारित हुँदैआएको छ।

**५. बालसाहित्यमा विद्यावारिधि गर्न बढ्दो अभिरुचि**

पछिल्लो समयमा नेपाली बालसाहित्यमा विद्यावारिधि गर्नेतर्फ पनि धेरैको रुचि देखिन थालेको छ। अहिलेसम्म नेपाली बालसाहित्यका विभिन्न विषयमा गरी छ जनाले विद्यावारिधि गरिसकेका छन्। यसरी विद्यावारिधि गर्नेहरूमा अच्युतशरण अर्याल, अम्बिका घिमिरे, जयन्ती रूपाखेती, यादेवी ढकाल, सीता सुवेदी पन्थी, छायादत्त न्यौपाने रहेका छन्।

**६. निजीक्षेत्रका प्रकाशन संस्थाहरूको बालसाहित्य प्रकाशनमा बढ्दो रुचि**

पहिले बालसाहित्यका पुस्तक प्रकाशन गर्ने प्रकाशनसंस्थाहरू अत्यन्त कम थिए। पछिल्लो समयमा बालसाहित्यका पुस्तकहरू प्रकाशन गर्नेतर्फ निजीक्षेत्रका थुप्रै प्रकाशन संस्थाहरू सक्रिय भएका छन्। यसले पनि बालसाहित्यका पुस्तकहरूको प्रकाशनक्रम बढ्न सहयोग पुर्‍याएको छ।

**७. बालसाहित्यसम्बन्धी संस्था स्थापनाको क्रमसँगै प्रशिक्षण सञ्चालन**

अहिले बालसाहित्यसम्बन्धी सङ्घसंस्थाहरू स्थापना गरेर विभिन्न गतिविधि हुन थालेका छन्। नेपाल बालसाहित्य समाजको स्थापनापछि काठमाडौंमा बालसाहित्य प्रतिष्ठान, कथावाचक समाज र बालवाङ्मय तथा अनुसन्धान केन्द्र स्थापना भई बालसाहित्यका विभिन्न विधाको लेखनका लागि प्रशिक्षण दिने क्रम बढेको छ। साथै अन्य विभिन्न गतिविधिहरू पनि सञ्चालन हुन थालेका छन्।

यस चरणका प्रमुख लेखकहरूमा कार्तिकेय घिमिरे (२०३३), विजयराज आचार्य (२०३३), कृष्णदीप सिग्देल (२०२९), मित्रलाल पंज्ञानी (२०१७), अनन्त वाग्ले (२०३०), ऋषिराम शर्मा (२०१७), जलेश्वरी श्रेष्ठ (२००३), पेशल आचार्य (२०२५-२०७९), प्रभा भट्टराई (२०२२), शर्मिला खड्का (दाहाल, २०२३), पुष्पलता आचार्य (२०१५), मुक्तिनाथ शर्मा नेउपाने (१९९६), रामप्रसाद ज्ञवाली (२०२४), विनय कसजू (२००४), सुकुम शर्मा(२०२६), सुधा रिसाल शर्मा (२०२९), सौरभकिरण श्रेष्ठ (२०३४), छायादत्त न्यौपाने (२०२२), पुन्य कार्की (२०  ), सूर्य बि.सी. (२०३६), ज्ञाननिष्ठ ज्ञवाली (   ), अच्युत घिमिरे (२०२८), कविता सापकोटा (२०४५), गायत्री विष्ट (२०२८), ललिता दोषी (२०२५), विष्णु केसी (२०३०), सुशीला प्रधानाङ्ग (२००७), हरि खनाल (२०२३), विष्णुकुमार (२०४२), आई.पी. अधिकारी (२०१४), गङ्गा कर्माचार्य पौडेल(२०१२), यशु श्रेष्ठ(२०३९), माधव सयपत्री, रामविक्रम थापा (२०२६), विमला ढुङ्गाना (२०२९), धीरकुमार श्रेष्ठ (२०१८), राजेन्द्रभक्त जोशी (२०२४), कृष्णराज सर्वहारी (२०२८), कृष्ण शाह 'यात्री' (२०३२), रामदेव पाण्डे (२०२०), मोहन कार्की (२०२४), ओम पुन 'श्रमिक',कृष्ण बाउसे(२०१३), गङ्गा कसजू (२००५), सविना सिन्धु (२०३८), अनुराधा (२०३४), यादव खरेल (१९९९), सीता सुवेदी पन्थी (२०३०), उद्धवप्रसाद प्याकुरेल (२०२८), श्यामकृष्ण खुलिमुली (२०३७-२०७७), गोपीकृष्ण ढुंगाना, नेत्र तामाङ (२०४०), मञ्जु ज्ञवाली (२०३२), शान्ति सापकोटा (२०२८), रमेशचन्द्र घिमिरे, सजनी नौबागे (२०३६) हुन्।

यस चरणमा धेरै साहित्यकारहरूले बालसाहित्यमा कलम चलाउन थालेको देखिन्छ। यस्ता लेखकहरूमा सुशीला देउजा, भवसागर घिमिरे, आन्विका गिरी, सुमनराज ताम्राकार, गोविन्द घिमिरे वेदमणि (२००७), त्रिलोचन ढकाल, खेमलाल पोखरेल, प्रकाशमणि दाहाल, गणेशबहादुर खत्री, गोविन्द आचार्य, जगन्नाथ दाहाल, भवानी पाण्डे, भाग्यशाली अधिकारी, रुकु कार्की, लालगोपाल सुवेदी, तारा केसी, देबु लुइँटेल, महेन्द्र चालिसे, श्रमिक बराल, शेखरकुमार श्रेष्ठ, कविता पराजुली, हेमलता राई, के.बी. सिम्पल, उषा हमाल, सूर्य लाकोजू आदिलाई लिन सकिन्छ। यस्तै कवितातर्फ नर्मदेश्वरी सत्याल, जयन्ती स्पन्दन, नन्दु उप्रेती, भगवती जोशी, कृष्ण सुवेदी निराकार, भक्त कार्की, भीष्मराज प्रसाई, भोजराज आचार्य, विवश पोखरेल, उन्नति बोहरा शीला, लोकेन्द्र शाक्य, रमेश शुभेच्छु, विश्वनाथ भण्डारी, हरिगोविन्द लुइँटेल, झपेन्द्र क्षेत्री सरल, देवीचरण भण्डारी सरोज, उर्मिला लामिछाने, सुरेन उप्रेती, कर्कट काश्यप, कपिलमणि ज्ञवाली, घनश्याम परिश्रमी, दामोदर घिमिरे, यादवप्रसाद मैनाली, रविकिरण निर्जीव, छविरमण सिलवाल, देवी नेपाल, रह शर्मा, विजय सुब्बा, सुरेन उप्रेती, तारा पौडेल (बराल), विश्वनाथ योञ्जन तामाङ, इन्द्रकुमार श्रेष्ठ, सुरज उपाध्याय (२०३८), गोविन्दराज विनोदी, भक्त राई, घनेन्द्र ओझा, रश्मि असफल, राधा कणेल (२०४१), लालबहादुर भुजेल (२०१२), विपिनचन्द्र बनेपालीका कृति प्रकाशित छन् भने कथातर्फ कपिलमणि ज्ञवाली, भागीरथी श्रेष्ठ, राजव, ध्रुव मधिकर्मी, नारायण तिवारी, राजुराम मुनकर्मी, तारावदन श्रेष्ठ, आनन्द तिवारी, माधव शर्मा नेपाल, रत्न प्रजापति, हरिप्रसाद भण्डारी, प्रा.डा. तारानिधि भट्टराई, यशोदा अधिकारी, कविता पराजुलीका कृतिहरू प्रकाशित भएका देखिन्छन्। बालउपन्यासतर्फ नवीनचन्द्र घिमिरे, चित्रकथातर्फ अमरकुमार प्रधान (२०११), सुशीला देउजा, समन श्रेष्ठ र विवेक आचार्य, नाटकतर्फ राजव, केदार श्रेष्ठ सक्रिय छन्।

**४ नेपाली बालसाहित्य : विविधतातर्फको यात्रा र गुणस्तरको प्रश्न**

बालसाहित्यिक कृति भनेको एक प्रकारको 'प्याकेज' हो। लेखन सबैभन्दा महत्त्वपूर्ण पक्ष भएता पनि सम्पादन, चित्राङ्कन, चित्र सम्पादन, लेआउट/डिजाइन, मुद्रण आदि सबै मापदण्डका आधारमा गुणवत्ता निर्धारण हुन्छ। त्यसैले बालसाहित्य भनेको लेखनमात्र हो भन्ने हाम्रो बुझाइमा परिवर्तनको आवश्यकता देखिएको छ। लेखन महत्त्वपूर्ण हो तर त्यो मात्र सम्पूर्णता होइन भन्ने कुरा हामीले बुझ्नु जरुरी छ। विगतमा भन्दा अहिले यस्तो सोचाइ राख्ने बालसाहित्यकारहरूको सङ्ख्या बढिरहेको छ, यो सकारात्मक पक्ष हो। त्यसैले बालसाहित्यका कृतिहरूको गुणवत्ताको प्रश्नमा यी चारै पक्षलाई विस्तारपूर्वक हेरेर निर्क्योल गरिनुपर्छ।

**४.१ विषयवस्तु**

विषयवस्तुका दृष्टिले एकातिर नेपाली बालसाहित्य लोकसाहित्य, वेद र पुराणका कथा आदिको पुनर्कथनमा मात्र सीमित छ भनेर आरोप लाग्ने गरेको छ भने अर्कोतिर नेपाली बालसाहित्यले उपदेश मात्र दिन्छ भन्ने आरोप पनि छँदै छ। तर यी दुवै भनाइ पूर्ण सत्य होइनन्। विशेषगरि पछिल्लो चरणमा प्रकाशित बालसाहित्यको अध्ययन नगरेका आफूलाई बौद्धिक ठान्ने कतिपय व्यक्तिहरूबाट प्रायः यस्तो आरोप लाग्दै आएको छ। उनीहरूले आजभन्दा ३०/४० वर्षअघिसम्म प्रकाशित पुस्तकका आधारमा यस्तो आरोप लगाउँदै आएका हुन्। हो, लोकसाहित्य, रामायण, महाभारत, वेद, पुराणसम्बद्ध धार्मिक कथाहरू र सामाजिक विषयवस्तुमा आधारित एवम् पञ्चतन्त्र, हितोपदेशबाट पुनर्कथन गरिएका रचनाहरू प्रशस्त छन्, तर त्यति मात्रै छन् भन्ने कुरा भने सत्य होइन। पछिल्लो चरणमा वनजङ्गलको महत्व, आधुनिक कृषि र विषादी, पानी र हावाको शुद्धता, वातावरणीय सरसफाइ, जैविक विविधता, प्राकृतिक स्रोत र साधनको दोहन, प्रकृति र सबै प्राणीको संरक्षण लगायतका पर्यावरण-संरक्षणसँग सम्बद्ध अनेक कथाहरू लेखिएका छन्। यस्तै सञ्चार साधनको प्रयोग, यसबाट हुने लाभहानि र यसको प्रयोगबाट लिनसकिने फाइदाका विषयमा पनि कथाहरू लेखिएका छन्। विभिन्न रोगको उपचार, चिकित्सा सेवा, धामी-झाँक्रीका कारण हुने मृत्यु जस्ता विषय पनि नेपाली बालसाहित्यमा आएका छन्। यसरी विभिन्न विषयमा लेखिएका बालसाहित्य प्रशस्त प्रकाशित भएको देखिन्छ। यसबाहेक बालअधिकार, सामाजिक सौहार्दता, सांस्कृतिक सद्भाव, लैङ्गिक समानता, सबै धर्म, वर्ग, पेशा र अग्रजप्रति सम्मान जस्ता विषयमा पनि बालकृति केन्द्रित रहेका छन्। यस प्रकार विषयगत विविधतातिर लेखक तथा प्रकाशकहरूको ध्यान गएको छ। यसरी विभिन्न विषयमा रचनाहरू प्रकाशित हुनाले नेपाली बालसाहित्य पुनर्कथनमा मात्र सीमित नभएर मौलिक लेखनको फराकिलो क्षितिजतर्फ क्रमशः अघि बढेको पाइन्छ। तल विशेषगरि आख्यान र कविता विधाका त्यस्ता केही कृतिहरूको नाम प्रस्तुत छ। यो नमुनाका लागि मात्र यहाँ दिइएको हो।

**पर्यावरण** : *वनदेवी* (२०३६), *पानीको थोपा* (२०३८), *बालक बिरुवा र पृथ्वीमाता* (२०४९), *मालतीको यात्रावर्णन* (२०५१), *जीत कसको हुँदै छ ?*(२०५१), *धुमधामको घुमघाम* (२०५४), *काउबूढी र अरू कथा* (२०५४), *सूर्यको बिहे* (२०६९), *सम्पदा र विपदा*(२०७४), *खैरो बकुल्ला* (२०७५), *लिटिल डायनो* (२०७५), *रङ्गीन विष* (२०६९), *नागदहका माछा* (२०७५), *इम्जाको झस्को* (२०७५)

**स्वास्थ्य** : *गोकुलकी आमा कसरी निको भइन् ?*(२०३६), *सफाइगीत* (२०४५), *बुद्धिबंगाराको फोन* (तीन भाग, २०५८), *अनौठो यात्रा* (२०५८), *स्वास्थ्य बालकथाहरू* (२०६५), *देशको धन* (२०६७), *रतन्धोलाई डन्डै-डन्डा* (२०६९), *गाँठी कुरा* (२०६९)

**विज्ञान प्रविधि** : *आनन्दको आविष्कार* (२०४३), *आगम विज्ञानमाला* (भाग १ र २, २०५६), *पेटमा भूत कसरी पस्यो* (२०५७), *चमेरोको चुच्चो किन बुच्चो ?* (२०५७), *पुतली* (२०५७, बालकाव्य), *तिमी पानी देऊ, म फूल दिन्छु* (२०६१), *सृष्टिको पुराण* (२०६४), *जुजुईको खोजी* (२०६४), *नगरकोटदेखि ब्ल्याकहोलसम्म* (२०६७), *धर्तीको जन्मदिन* (बालकाव्य, २०७०)

**संस्कृति/किंवदन्ती** : *भोका डमरुहरू* (२०६७), *स्वयम्भूका आँखाहरू* (२०७८),

**जातजाति** : *हामी नेपाली* (२०६८), *बालप्रजाहरूको वनयात्रा* (२०६७), *सुनौला माला* (२०७०), *म राउट्या* ( ? )

**बालअधिकार** : *बालदिवस* (२०६०), *म पनि भाग लिन्छु* (२०६१), *हाम्रा कुरा पनि सुन्नुस्* (२०६२)

**सञ्चार प्रविधि** : *साइबर बालकथा* (२०६९), *स्मार्ट घर* (२०७४)

**अपाङ्गता** : *रोशन र उनका साथीहरू* (२०६७), *हाम्रा कुरा* (२०७१), *पढौं सँगै खेलौं सँगै* (२०७१), सेतो छडी ( ? )

माथि उल्लिखित कृतिहरूमध्ये बालकथाकृतिहरूमा रहेका सबै बालकथा ती विषयसँग सम्बन्धित छन्। त्यसबाहेक अन्य कृतिहरूमा पनि फुटकर रूपमा यी विषयहरूसँग सम्बन्धित कथाहरू प्रशस्त छन्।

बालसाहित्य उद्देश्यमूलक पाठककेन्द्रित लेखन हो। त्यसैले यसतर्फ बालसाहित्यसम्बन्धी केही संस्थाहरू सक्रिय छन्। बालवाङ्मय तथा अनुसन्धान केन्द्रले यस्ता उद्देश्यमूलक बालसाहित्य रचनाका लागि कार्यशालाको आयोजना गरेर बालकथाकृतिहरू तयार गर्दैआएको छ। यस्ता कथाकृतिहरूमा जैविक मलको उपयोगितासम्बन्धी *माटाको माया* (२०६९), बीमाको महत्त्वसम्बन्धी *निस्फिक्री* (२०७०), अन्धविश्वास र रुढीविरुद्ध जनचेतना जगाउने सम्बन्धी *बन्धन* (२०७०), बुद्ध र लुम्बिनीसम्बन्धी *बुद्ध र लुम्बिनी* (२०७१), बालसमस्या र अभिभावकको दायित्व विषयमा केन्द्रित *मेरो के दोष ?* (२०७१), भुइँचालोबारे जनचेतना जगाउने सम्बन्धी *भुइँचालोका कथा* (२०७३), मुटुरोगसम्बन्धी जनचेतना जगाउने सम्बन्धी *ढुकढुकी* (२०७३) आदि रहेका छन्।

बालबालिकालाई दिने विषयवस्तु पनि उमेरअनुसार फरक फरक हुन्छ। यो तथ्यलाई अहिलेका बालसाहित्यलेखकहरूले आत्मसात् गरेका छन् र सोहीअनुसार लेख्न थालेका छन्। किनभने बालबालिकाको क्षमता उमेरअनुसार फरक हुनेहुँदा कुन उमेर समूहका लागि कुन विषयवस्तु उपयुक्त हुन्छ भन्नेतर्फ पनि लेखकहरूको ध्यान गएको छ।

**४.२ उमेरअनुसारका रचना**

बालबालिकाको क्षमता उमेरअनुसार फरक हुनु स्वाभाविकै हो। पहिलेपहिले नेपाली बालसाहित्यका पुस्तकहरूमा कुन उमेर समूहका लागि लेखिएको हो भन्ने कुरा उल्लेख हुँदैनथ्यो। वास्तवमा त्यसबेला लेखक आफै पनि अन्योलमा थिए। धेरै लेखकहरू बालसाहित्यको सिद्धान्त नपढीकनै रहरैरहरमा बालसाहित्य लेखिरहेका थिए। यो तथ्यलाई स्वयम् अघिल्लो पुस्ताका कतिपय बालसाहित्यकारहरूले स्वीकारेका पनि छन्। तर अहिले प्रकाशित हुने बालसाहित्यका अधिकांश पुस्तकहरूमा कुन उमेर समूहका लागि उपयुक्त छ भन्ने कुरा उल्लेख गरेको पाइन्छ। बालसाहित्यलाई बालविकासका चरणहरूका आधारमा तीन वर्गमा विभाजन गरेर हेर्न सकिन्छ :

**४.२.१. शिशुसाहित्य**

जन्मेदेखि ६ वर्ष उमेर समूहसम्मका शिशु/बालबालिकाहरूका लागि लेखिएका साहित्य यसअन्तर्गत पर्छन्। यसमा ०-२ उमेर समूहका शिशुहरूलाई अरूले पढेर वा गाएर सुनाउन सकिन्छ। कथाविहीन रङ र चित्रका माध्यमबाट जानकारी दिनसकिने ठूला अक्षर र चहकिला रङ भएका पुस्तक पनि यो उमेर समूहका लागि उपयोगी हुन्छ। हामीकहाँ यस उमेर समूहका लागि आवश्यक पुस्तक उपलब्ध छैनन्। विकसित देशहरूतिर भने खेलौनाजस्तो देखिने विभिन्न आकार प्रकारका पुस्तकहरू पाइन्छन्।

यसअन्तर्गत ३-६ उमेर समूहका बालबालिकाका लागि उनीहरूले पढ्नसक्ने सरल

(बाँकी ५ पृष्ठमा(

# नेपाली बालसाहित्यको...

(पृष्ठ ४ बाट जारी)

शब्द, भाव, लय र अनुप्रासयुक्त बालगीत, छोटा कथा आदिका साथै विभिन्न विषयमा जानकारी दिने तथ्यपुस्तकहरू उपयुक्त हुन्छन् । हामीकहाँ यस उमेर समूहका लागि आवश्यक पुस्तकहरू ०-२ उमेर समूहको भन्दा निकै बढी छन् । अहिले यो उमेर समूहका लागि हामीकहाँ बोर्ड बुक्स पनि प्रकाशन हुन थालेका छन् ।

उमेरअनुसारको रचना भन्नासाथ बालबालिकाको बौद्धिक र भाषिक क्षमता दुवै पक्षलाई ध्यानमा राखी लेख्नुपर्ने हुन्छ । शिशुसाहित्यमा शब्द, वाक्य, शब्दसंख्या, बालबोली र अनुकरणात्मक शब्दको प्रयोग आदि धेरै कुराहरूमा पहिलेभन्दा ध्यान दिन थालिएको छ । यसका लागि लेखकहरूले बालबालिकाको क्षमताबारे अध्ययन गर्न थालेका छन् । यो उमेर समूहका लागि आवश्यक पर्ने चित्रपुस्तकका साथै विसङ्केतन (डिकोडेबल) पुस्तकहरू निकै प्रकाशित भएका छन् ।

४.२.२. **बालसाहित्य**

बालसाहित्यअन्तर्गत ७ देखि ११ वर्ष उमेर समूहसम्मका बालबालिकाका लागि लेखिएका बालकृतिहरू पर्छन् । यस उमेर समूहका बालबालिकाहरूका लागि सबैभन्दा बढी उपयुक्त चित्रपुस्तक नै हो । त्यसैले अहिले हामीकहाँ चित्रकथा, चित्रकविता र चित्रतथ्यपुस्तकहरू अन्य विधाका पुस्तकहरूभन्दा बढी प्रकाशित हुने गरेका छन् । यस उमेर समूहका लागि आवश्यक अन्य विषयका कृतिहरू उपलब्ध भए पनि हामीकहाँ साहस, रहस्य र रोमाञ्चले भरिपूर्ण, काल्पनिक वा यथार्थमूलक घटनासँग सम्बन्धित, यात्रा प्रसङ्ग भने अत्यन्त कम छन् । यसतर्फ हामी लेखक एवम् प्रकाशकको ध्यान जानु जरुरी देखिएको छ ।

४.२.३ **किशोरसाहित्य**

हामीकहाँ १२ देखि १८ वर्ष उमेर समूहसम्मका किशोरकिशोरीका लागि अत्यन्त कम अध्ययन सामग्री उपलब्ध छन् । यस उमेर समूहसम्म आइपुग्दा बालबालिकामा शारीरिक परिवर्तन अत्यधिक हुने हुँदा यस बेला उनीहरूको रुचि फरक हुन्छ । यस उमेर समूहमा आइपुग्दा उनीहरू कल्पनाभन्दा वास्तविक संसारसँग बढी नजिक हुन थाल्छन् । उनीहरूको त्यही रुचिलाई ध्यानमा राखेर लेखकले उनीहरूका लागि सिर्जना गर्नुपर्छ ।

नेपाली भाषामा किशोरकिशोरीहरूका लागि लेखिएका साहित्यिक पुस्तकहरूको सङ्ख्या नगण्य रहेका छन् । यस्ता केही पुस्तकहरूमा *विक्रम र नौलो ग्रह* (उपन्यास, २०३९), *खुला आकाश* (२०५४), *अनौठो यात्रा* (२०५८), *मङ्गलग्रहमा विज्ञान* (उपन्यास, २०६०) उल्लेख्य छन् । युनिसेफले आजभन्दा २० वर्षअघि नै *अल्झिएका दिनहरू* (२०५९), *उडेका उमेरहरू* (२०५९) र *कलेजका दिनहरू* (२०५९) तीन किशोरउपन्यास प्रकाशित गरेको थियो भने साझा प्रकाशनबाट *डाक्टर अङ्कल* (२०६७) मा प्रकाशित भएको थियो । यस्तै *फक्रँदो कोपिला* (२०६८), *फ्ल्यासब्याकमा जिन्दगी* (२०६९), *शिविरकी सुन्तली* (२०७२), *तादी किनाराको गीत* (२०७३), *गिद्धको निम्तो* (२०७३), *किशोर कथा* (भाग १, २०७४), *गुडनाइट* (२०७४), *सङ्ग्रालो* (२०७४), *स्मार्ट टिन्स* (२०७४), *आहा फूल* (२०७५), *किशोर कथा* (भाग २, २०७५), *सरस्वती* (२०७५), *किशोरी* (भाग १, २०७५), *किशोरी* (भाग २, २०७५), *छाउघर* (२०७५), *फेक आइडी* (२०७६), *मङ्की माइन्ड* (२०८०), *मत्स्यकन्या* (२०८०) जस्ता किशोरकिशोरीहरूका लागि लेखिएका आख्यानकृति प्रकाशित भएका छन् । यी पुस्तकमध्ये कतिपय केही गैरसरकारी संस्था र बालसाहित्यसम्बद्ध संस्थाहरूले किशोरसाहित्य सम्बन्धी कार्यशालाको आयोजना गरेपछि प्रकाशित भएका हुन् । साझा शिक्षा ईपाटीले भने माघ २१-२, २०६७ मा किशोरसाहित्य लेखनसम्बन्धी कार्यशाला आयोजना गरेको थियो । यसरी पछिल्लो समयमा किशोरसाहित्यप्रति पनि ध्यान जान थालेको देखिएको छ । तर पुस्तक प्रकाशनको गति भने सन्तोषजनक छैन ।

४.३ **सम्पादन**

वि.सं. २०६० अघिसम्म नेपालमा बालपुस्तकहरूको सम्पादन गर्ने गराउने प्रचलन थिएन । लेखकले जस्तो लेखेर ल्यायो, सामान्य भाषा व्याकरण मिलाएर छापिने गर्थ्यो । तर अहिलेको स्थिति भने एकदम फरक छ । ठूला प्रकाशनगृह, राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरू प्रायः सबैले अहिले आफूले छाप्नुअघि बालसाहित्यका पुस्तकहरू सम्पादन गराउने गरेको देखिन्छ । सम्पादनका पनि दुई पक्ष छन् : एउटा, विषयगत सम्पादन अर्को, भाषा सम्पादन । तथापि कतिपय लेखकमा आफ्ना रचना सम्पादन गराउनेतर्फ रुचि देखिँदैन । उनीहरूमा हामी सर्वज्ञ हौँ भन्ने किसिमको धारणा पाइन्छ । वास्तवमा लेखक सर्वज्ञ होइन, हुँदैनन् । अहिले त कतिपय प्रकाशन संस्था एवम् राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरूले चित्रको पनि सम्पादन गराउन थालेका छन्, यो अत्यन्त राम्रो पक्ष हो ।

४.४ **चित्राङ्कन**

बालपुस्तकमा चित्राङ्कन आवश्यक मात्र होइन, महत्त्वपूर्ण पनि हुन्छ । बालबालिकालाई पुस्तकप्रति आकर्षण गर्न पनि रङ्गीचङ्गी पुस्तक आवश्यक पर्छ । कुनै पनि वस्तुलाई त्यसको यथार्थ रूपमा प्रस्तुत गर्न पनि बालपुस्तक रङ्गीन हुनु अनिवार्य छ । २०६० सालअघिसम्मको स्थितिमा नेपाली भाषामा रङ्गीन बालपुस्तक देख्न पनि पाइन्नथ्यो । तर २०६० सालपछि रङ्गीन पुस्तक प्रकाशित गर्ने क्रम अत्यधिक बढेको छ र पछिल्लो समयमा त कतिपय प्रकाशकले 'ब्लयाक एण्ड ह्वाइट'मा बालपुस्तक छाप्नसमेत बन्द गरेका छन् । रङ्गीन कलेवरमा बालपुस्तक छाप्नाले यसको गुणस्तर वृद्धि हुनु स्वाभाविक हो । पहिलेका बालपुस्तकहरूमा रूखका पात हरिया हुन्छन् भनेर लेख्नुपर्थ्यो तर अहिले हरियो रङमै पात देखाइने गरिन्छ । पछिल्लो समयको अर्को महत्त्वपूर्ण पक्ष ललितकला अध्ययन गरेका चित्राङ्कनकर्ताहरूको नयाँ पुस्ता तयार हुनु पनि हो । सिर्जनात्मक क्षमतासँगसँगै कलासम्बन्धी प्राविधिक ज्ञान भएका नयाँ पुस्ताको आगमनले नेपाली बालसाहित्यको चित्राङ्कनका क्षेत्रमा पनि गुणस्तर बढेको छ ।

चित्राङ्कनतर्फ समस्या हुँदै नभएका भने होइनन् । अझै लेखक र चित्राङ्कनकर्ताबीच आपसी छलफल र समन्वयको आवश्यकता भने देखिएको छ ।

४.५ **लेआउट-डिजाइन/मुद्रण प्रविधि**

पुस्तकको उत्पादनमा यान्त्रिक उपकरणहरूको पनि आवश्यकता पर्छ । हिजो पुस्तकहरू लेटरप्रेसमा छापिने गरेका थिए । तर विज्ञान र प्रविधिका क्षेत्रमा भएका नयाँ-नयाँ आविष्कारले मुद्रण प्रविधि अहिले अत्यन्त सजिलो, आकर्षक र छरितो भएको छ । अक्षर-अक्षर जोड्नुपर्ने स्थितिबाट अहिले हामी कम्प्युटर प्रविधिका माध्यमबाट छिटो, सफा र आकर्षक रूपमा पुस्तकका पाण्डुलिपि तयार गर्नसक्छौँ । साथै, चित्राङ्कन र रङ्गीन मुद्रणका लागि पनि अहिलेको प्रविधि सजिलो छ । यी सबै कारणले नेपाली बालपुस्तकको गुणस्तर पहिलेको तुलनामा निकै माथि पुगेको छ । यसमा कागजको गुणस्तर पनि एउटा उल्लेख गर्नुपर्ने पक्ष हो ।

५. **अन्य राष्ट्रिय भाषामा बालसाहित्य**

नेपाल बहुभाषिक देश हो । नेपालमा बोलिने भाषाहरूमध्ये धेरै थोरै भाषामा मात्र बालसाहित्य लेख्न सुरु भएका छन् । विशेषतः नेवारी, तामाङ, थारू, अवधी भाषामा बालसाहित्यका पुस्तकहरू प्रकाशित भएको देखिन्छ । तर जति हुनुपर्ने हो, त्यतिचाहिँ अझै भएको छैन । राष्ट्रिय भाषाहरूमा बालसाहित्यका लागि काम गर्नुपर्ने आवश्यकता देखिन्छ ।

६. **बालपुस्तक प्रकाशन र विक्रीको स्थिति**

बालपुस्तकको प्रकाशन स्थिति पहिलेभन्दा राम्रो र गुणस्तरीय हुँदै गएको छ । पछिल्लो तथ्याङ्कअनुसार वार्षिक ४०० पुस्तक प्रकाशन भएको देखिन्छ । यो तथ्याङ्क आइएसबिएनमा दर्ता भएका बालपुस्तकका आधारमा निकालिएको हो । तर विक्रीका हिसाबले भने सन्तोषजनक स्थिति छैन । अहिले पनि धेरैजसो बालपुस्तक पहिलो पटक छापिँदा ११०० भन्दा बढी छापिने गरेका छैनन् । छापिएका बालपुस्तकमध्ये कति पुस्तक पुनर्मुद्रण भए भन्ने कुराको अध्ययन भएको छैन । त्यसैले कुन पुस्तक कति सङ्ख्यामा छापियो भन्न सक्ने स्थिति छैन । यस्तो अध्ययन गरिए पनि त्यो सत्य नहुन सक्ने अवस्था छ । किनकि, कतिपय प्रकाशकले पुनर्मुद्रण गरेका कतिपय बालपुस्तकहरू पुरानै प्लेटबाट छापिने गर्नाले त्यहाँ पुरानै संस्करण लेखिएको पाइन्छ ।

पहिलेभन्दा अहिले अलि धेरै पुस्तक छापिनुका कारण भने विभिन्न अन्तर्राष्ट्रिय-राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरूले प्रत्येक वर्ष पुस्तक किनेर देशका विभिन्न स्थानका पुस्तकालय तथा विद्यालयहरूमा निःशुल्क वितरण गर्ने हुनाले पनि हो । पहिले बालसाहित्यलाई वास्ता नगर्ने र ध्यान नदिने कतिपय प्रकाशकहरूले बालपुस्तक छाप्न थाल्नु र यस क्षेत्रमा नयाँ प्रकाशक थपिनुका कारण पनि यही हो । यदि त्यस्ता गैरसरकारी सङ्घसंस्थाहरूले बालपुस्तक किन्ने काम बन्द गरे भने बालसाहित्यमै समर्पित बाहेकका कतिपय प्रकाशक संस्थाले बालपुस्तक छाप्ने काम बन्द गर्ने निश्चित देखिन्छ । विद्यालयमा भएका पुस्तकालयमा पनि बालपुस्तकका नाममा अन्य पुस्तकहरू किनेर राख्ने गरेको पाइन्छ । वास्तवमा शिक्षक र अभिभावक दुवैमा बालपुस्तकप्रति उत्साह देखिँदैन ।

७. **आगामी चुनौती**

नेपाली बालसाहित्य विकासको बाटोतिर अग्रसर छ । लोकसाहित्य, धार्मिक कृतिहरू र पञ्चतन्त्र, हितोपदेशमा आधारित बालपुस्तकहरूको सीमित घेराबाट निस्केर यसले फराकिलो बाटोतर्फ पाइला चालिसकेको छ । तर हाम्रो गन्तव्य टाढा छ । धेरै काम गर्न बाँकी छन् । ती गर्नैपर्ने केही महत्वपूर्ण कामलाई बुँदागत रूपमा प्रस्तुत गरेको छु :

क. नेपाली बालसाहित्यमा अझै धेरै विषयलाई प्रवेश गराउन बाँकी छ । त्यस्ता विषयहरूलाई पाली बालसाहित्यमा भित्र्याउनेतर्फ हाम्रो प्रयास हुनुपर्छ ।

ख.. भौगोलिक हिसाबले नेपाली बालसाहित्यमा पहाडी भूभागको परिवेश, संस्कृति र जनजीवन बढी मात्रामा आएको छ । हिमाल र तराई क्षेत्रमा केन्द्रित कृति अत्यन्त सीमित छन् । त्यसैले हिमाल र तराईलाई परिवेश बनाएर लेखिएका कृतिहरूको सिर्जनामा जोड दिन आवश्यक देखिन्छ ।

ग. नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय र बहुधार्मिक देश भएकोले त्यसको मर्मअनुसारका रचना लेखिनु अनिवार्य छ । सबै जातजातिका लोकरचनाहरूलाई बालसाहित्यमा प्रस्तुत गर्नेतर्फ पनि प्रयास केन्द्रित गरिनु आवश्यक छ ।

घ. सरल बुझिने शब्दहरू राखेर लेख्नासाथ बालसाहित्य भइहाल्छ भन्ने हामीमा भएको सोचलाई हटाउनु आवश्यक छ । यो प्राविधिक विषय भएकोले प्राविधिक पक्षलाई पनि ध्यान दिऔँ । शब्द जोडेर मात्र कविता हुँदैन भने वर्णन र विवरणबाट मात्र कथा लेखिँदैन । लेखक होइन, स्रष्टा बन्नेतर्फ अग्रसर होऔँ । धन्यवाद ।

**सन्दर्भसूची**

**पुस्तक**

१. प्रधान, प्रमोद (२०६५), *नेपाली बालवाङ्मय परिचयकोश*, काठमाडौँ : मार्टिन चौतारी ।

२. प्रधान, प्रमोद (२०७०), *नेपाली बालसाहित्यको इतिहास*, काठमाडौँ : शिखाबुक्स,चौथो संस्करण ।

३. प्रधान, प्रमोद (२०७४), *नेपाली बालवाङ्मय परिचयकोश : २०६४-२०७०*, काठमाडौँ : बालवाङ्मय तथा अनुसन्धान केन्द्र ।

४. प्रधान, प्रमोद (२०७६), *बालसाहित्यमा विनय कसजू : योगदान र मूल्याङ्कन*, काठमाडौँ : बालवाङ्मय तथा अनुसन्धान केन्द्र ।

५. लुइँटेल, डा. नन्दिता शर्मा (२०७०), *हुर्किरहेका बालबालिकाहरूलाई चिनौँ*, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

**पत्रपत्रिका**

१. खनाल, हरि (२०७४), 'नेपाली बालसाहित्य : प्रयोजन, भ्रम र यथार्थ', *नयाँ पत्रिका*, मङ्सिर २३, काठमाडौँ ।

२. पौडेल, गङ्गा कर्माचार्य (२०७६), 'किशोर प्रवृत्ति र साहित्य', *बालसाहित्य*, २०७६, काठमाडौँ : नेपाल बालसाहित्य समाज ।

३. प्रधान, प्रमोद (२०७५), 'नेपाली बालसाहित्य अवस्था र प्रवृत्ति', *शिक्षक*, वैशाख २०७५, ललितपुर : ज्ञानविज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड ।

४. प्रधान, प्रमोद (२०७७), 'बालसाहित्य : एक चर्चा', *दमकज्योति*, मङ्सिर, दमक : दमक प्रज्ञा-प्रतिष्ठान ।

६. शर्मा, ऋषिराम (डा., २०७५), 'नेपाली बालसाहित्यमा जयपृथ्वीबहादुर सिंहको योगदान',*हिमाली सौगात*, कात्तिक-मङ्सिर, काठमाडौँ ।

**कार्यपत्र**

१. प्रधान, प्रमोद (२०६२), 'नेपाली बालसाहित्यको वर्तमान अवस्था', कार्यपत्र, केटाकेटी इन्टरनेट बालपत्रिका र मदरहुड नेपालद्वारा संयुक्त रूपमा भदौ ५ मा आयोजित एकदिने राष्ट्रिय कार्यशालामा प्रस्तुत ।

(विराटनगर, हाल : साहित्य-सृष्टि, सुविधानगर, काठमाडौँ)

समाप्त

अन्तर्राष्ट्रिय सम्मेलनको शुभकामना

नेपाल प्रज्ञा प्रतिष्ठान र नेपाल बालसाहित्यसमाजद्वारा नेपालमा पहिलो पटक आयोजित (२०८१ असोज ४ र ५ गते) अन्तर्राष्ट्रिय बालसाहित्य सम्मेलन-२०८१ मा देश-विदेशबाट पाल्नु हुने सबै प्रतिनिधि तथा सहभागीहरुलाई सम्मेलनको सफलताको कामना गर्दछौं । साथै, विभिन्न राष्ट्रबाट पाल्नु हुने अतिथिहरुले नेपालमा न्यानो आतिथ्यताका अतिरिक्त नेपालको बालसाहित्य तथा सुन्दर नेपालका बारेमा जानकारी पाउन सफल हुनु होस् भन्ने कामना पनि गर्दछौं ।

दूर दृष्टी डिजिटल प्रा.लि. परिवार

अन्तर्राष्ट्रिय सम्मेलनको शुभकामना

नेपाल प्रज्ञा प्रतिष्ठान र नेपाल बालसाहित्यसमाजद्वारा नेपालमा पहिलो पटक आयोजित (२०८१ असोज ४ र ५ गते) अन्तर्राष्ट्रिय बालसाहित्य सम्मेलन-२०८१ मा देश-विदेशबाट पाल्नु हुने सबै प्रतिनिधि तथा सहभागीहरुलाई सम्मेलनको सफलताको कामना गर्दछौं । साथै, विभिन्न राष्ट्रबाट पाल्नु हुने अतिथिहरुले नेपालमा न्यानो आतिथ्यताका अतिरिक्त नेपालको बालसाहित्य तथा सुन्दर नेपालका बारेमा जानकारी पाउन सफल हुनु होस् भन्ने कामना पनि गर्दछौं ।

अलाइन्स फर डेमोक्रेसी एण्ड डिभलोपमेन्ट परिवार

अन्तर्राष्ट्रिय सम्मेलनको शुभकामना

नेपाल प्रज्ञा प्रतिष्ठान र नेपाल बालसाहित्यसमाजद्वारा नेपालमा पहिलो पटक आयोजित (२०८१ असोज ४ र ५ गते) अन्तर्राष्ट्रिय बालसाहित्य सम्मेलन-२०८१ मा देश-विदेशबाट पाल्नु हुने सबै प्रतिनिधि तथा सहभागीहरुलाई सम्मेलनको सफलताको कामना गर्दछौं । साथै, विभिन्न राष्ट्रबाट पाल्नु हुने अतिथिहरुले नेपालमा न्यानो आतिथ्यताका अतिरिक्त नेपालको बालसाहित्य तथा सुन्दर नेपालका बारेमा जानकारी पाउन सफल हुनु होस् भन्ने कामना पनि गर्दछौं ।

विवेक सिर्जनशील प्रकाशन प्रा.लि.परिवार

## Name List of ICLC Participants

| S.N. | Name | Country |
|---|---|---|
| 1 | Aanbika Giri | Nepal |
| 2 | Aashik Singh Thakuri | Nepal |
| 3 | Amar Kumar Pradhan | Nepal |
| 4 | Ananta Wagle | Nepal |
| 5 | Aniruddha Aryal | Nepal |
| 6 | Anuradha | Nepal |
| 7 | Arpita Shakya | Nepal |
| 8 | Ashok Man Singh | Nepal |
| 9 | Balram Adhikari | Nepal |
| 10 | Basmati Kumari Rana | Nepal |
| 11 | Bhanu Bhattarai | Nepal |
| 12 | Bhola Shrestha | Nepal |
| 13 | Bhupal Rai | Nepal |
| 14 | Bijaya Raj Acharya | Nepal |
| 15 | Bijaya Raj Neupane | Nepal |
| 16 | Bijeta Chaudhary | Nepal |
| 17 | Bimal Krishna Shrestha (Bimal Nibha) | Nepal |
| 18 | Bimala Khanal | Nepal |
| 19 | Bishnu KC | Nepal |
| 20 | Bisso Devkota | Nepal |
| 21 | Boond Rana | Nepal |
| 22 | Chhaya Dutta Neupane | Nepal |
| 23 | Chudamani Bandhu | Nepal |
| 24 | Dhan Prasad Subedi | Nepal |
| 25 | Dhir Kumar Shrestha | Nepal |
| 26 | Dhruva Kumar Ghimire | Nepal |
| 27 | Durga Paudyal | Nepal |
| 28 | Ganga Karmacharya Paudel | Nepal |
| 29 | Ganga Kasajoo | Nepal |
| 30 | Garima Khatri | Nepal |
| 31 | Ghanashyam Rajkarnikar | Nepal |
| 32 | Gita Sapkota | Nepal |
| 33 | Hansawati Kurmi Hansa | Nepal |
| 34 | Harihar Khanal | Nepal |
| 35 | Ichchha Singh | Nepal |
| 36 | Indira Dali | Nepal |
| 37 | Indra Bahadur Chaudhary | Nepal |
| 38 | Jaleshwari Shrestha | Nepal |
| 39 | Jayanti Spandan | Nepal |
| 40 | Kapil Lamichhane | Nepal |
| 41 | Karna Bahadur Baniya (Baniya Kanchha) | Nepal |
| 42 | Kartikeya Ghimire | Nepal |
| 43 | Kedar Shrestha | Nepal |
| 44 | Keshari Amgain | Nepal |
| 45 | Keshab Parajuli | Nepal |
| 46 | KK Karmacharya | Nepal |
| 47 | Koushal Kumar Bhattarai | Nepal |
| 48 | Kranti Pandey | Nepal |
| 49 | Krishna Bause | Nepal |
| 50 | Krishna Bhakta Maharjan | Nepal |
| 51 | Krishna Dhungel | Nepal |
| 52 | Krishna Raj Sarbahari | Nepal |
| 53 | Lal Bahadur Bhujel | Nepal |
| 54 | Lalita Adhikari (Sharma Lalita) | Nepal |
| 55 | Lalita Doshi | Nepal |
| 56 | Laxmi Lamichhane | Nepal |
| 57 | Mahesh Paudyal | Nepal |
| 58 | Manita Gurung | Nepal |
| 59 | Manju Gyawali | Nepal |
| 60 | Manoj Kumar Shrestha | Nepal |
| 61 | Mitra Lal Pangyani | Nepal |
| 62 | Monika Lohani | Nepal |
| 63 | Mukesh Chalise | Nepal |
| 64 | Murari Binod Pokherel | Nepal |
| 65 | Nabin Khatiwada | Nepal |
| 66 | Naresh Bir Shakya | Nepal |
| 67 | Nawaraj Budathoki | Nepal |
| 68 | Nirmala Baral | Nepal |
| 69 | Palpasa Manandhar | Nepal |
| 70 | Parashu Ram Koirala | Nepal |
| 71 | Prabha Bhattarai | Nepal |
| 72 | Pradeep Pradhan | Nepal |
| 73 | Pramod Pradhan | Nepal |
| 74 | Pramod Sarang | Nepal |
| 75 | Pratima Pandey | Nepal |
| 76 | Purushottam Subedi | Nepal |
| 77 | Pushpa Raj Awasthi | Nepal |
| 78 | Rabindra Manandhar | Nepal |
| 79 | Rajendra Bhakta Joshi | Nepal |
| 80 | Rajkumar Shrestha | Nepal |
| 81 | Rajkumari Kunwar | Nepal |
| 82 | Rajuram Munakarmi | Nepal |
| 83 | Ram Kumar Panday | Nepal |
| 84 | Rambabu Subedi | Nepal |
| 85 | Ramdev Pandey | Nepal |
| 86 | Ramesh Chandra Ghimire | Nepal |
| 87 | Ramesh Prasad Bhattarai | Nepal |
| 88 | Ranjushree Parajuli | Nepal |
| 89 | Sabina Sindhu | Nepal |
| 90 | Sabita Dhakal | Nepal |
| 91 | Sajani Naubage | Nepal |
| 92 | Saman Shrestha | Nepal |
| 93 | Sameera Rajbhandari | Nepal |
| 94 | Sanjog Thakuri | Nepal |
| 95 | Shailendu Prakash Nepal | Nepal |
| 96 | Shanta Dahal | Nepal |
| 97 | Shanti Sapkota | Nepal |
| 98 | Shardul Bhattarai | Nepal |
| 99 | Shashi Kiran Regmi (Raha Sharma) | Nepal |
| 100 | Shashi Thapa Pandit | Nepal |
| 101 | Shekhar Aryal | Nepal |
| 102 | Srijana Sharma | Nepal |
| 103 | Suman KC | Nepal |
| 104 | Suraj Upadhyaya | Nepal |
| 105 | Surya BC | Nepal |
| 106 | Sushila Pradhananga | Nepal |
| 107 | Tara Badan Shrestha | Nepal |
| 108 | Tara Nidhi Bhattarai | Nepal |
| 109 | Tej Prakash Shrestha | Nepal |
| 110 | Topendra Shah | Nepal |
| 111 | Trailokya Man (Agib) Banepali | Nepal |
| 112 | Yadab Chandra Niraula | Nepal |
| 113 | Yadevi Dhakal | Nepal |
| 114 | Yashoda Adhikari | Nepal |
| 115 | Yashu Shrestha | Nepal |
| 116 | Pushkar Lal Shrtestha | Nepal |
| 117 | Netra P. Dahal | Nepal |
| 118 | Pawan Singh Karki | Nepal |
| 119 | Sanju Bajracharya | Nepal |
| 120 | Nistha Shrestha | Nepal |
| 121 | Rajan Sapkota | Nepal |
| 122 | Haro Pokhrel | Nepal |
| 123 | Sarita Parajuli | Nepal |
| 124 | Nawal Kishor Badu | SVN |
| 125 | Ganesh Kumar Lama | SVN |
| 126 | Hiroko Hagihara | SVN |
| 127 | Sunitee Amatya | Kathalaya |
| 128 | Bibash Shrestha | Kathalaya |
| 129 | Indra Shrestha | Asia Foundation |
| 130 | Madhav Ghimire Atal | Official Reporter |

# Did Mahabharat Begin with a Dog ?

**Praveen Atreya**

Thats correct. Mahabarat started with a dog's story, ended with a dog. Also the intresting point is one of the greatest turning point in Mahabaratha in middle was also due to a dog (Ekalavya's episode). First I will describe the story and later go into the deeper meaning of what it means.

Ugarshavasuvu, goes to niamishaaranya, where sounkaadi maharshi and others were performing dheerga satra yaga (12 years). Ugrashravasuvu is a sishya of vedavyasa (the current vysa's name is krishna dvaipayana). Vedavyasa divided vedas into 4 parts, rig, yajur, sama and atharva. after which he wrote 18 maha puranas. He wrote Mahabaratha after completing puranas. Mahabaratha is also called panchama veda (5th veda).

Sounakaadi maharshi and other ask Ugarshavasuvu where he is coming from then he tells them he visited Samanthaka panchakam and Janamejaya's yagashala. Janemejaya is the son of parikshith, grandson of Abhimanyu and great grandson of Pandavas.

So Ugarshavasuvu starts describing about his visit to Janemejaya's yagashala. This is where Mahabharata starts. Janemejaya was performing a yaga for the welfare of his country/people. outside the yagashala a small dog ( you can call it a pup) out of curiosity was looking at what is going on. This pup is the son of sarama ( a deva shuni or a celestial female dog). If a dog enters the yagashala then devatas dont accept the offerings made in the yaga. So Janamejaya's three brothers Shrutasena, Ugrasena, Bhimasena closind in on the pup didnt let it escape and trashed it inflicting lot of pain.

So this poor pup goes and cries and tells its mother that I didnt go inside and didnt do any harm to anyone near the yagashala, but these rajakumaras beat me so much not even letting me escape.

In the meanwhile the yaga was completed. Sarama came to Janamejaya and complained. Your younger brothers without any consideration beat my young pup, though it didnt commit any mistake. Sarama didnt curse Janamejaya. It just wanted to convey its point and leave. It didnt ask Janamejaya for justice.

With out any consideration and without thinking twice if a person in authority commits crime/ vilence towards a sadhu (gentle/harmless person), poor there will be a consequence for such an act, which is a fear/ danger without any logical reason. Since a harmless small pup cried and felt pain for no mistake of its own, the person who is responsible for such act will face a danger without any reason ( the reason is their bad karma).Sarama finished whatever it wanted to say and left. Then Janmejaya went looking for his purohit.

**This is how Mahabharat starts.**

After reading this we think what is this story, what relevance does this really have. First reason is, this kind of writing style creates a curiosity in the readers mind. (in sanskrit it is called uthkanta).

Now there are a number of questions that come up in the readers mind.

1. Dog especially a pup is a pretty harmless creature to drive it away just threatening to hit it will drive it away, why do you need to beat it to inflict so much pain

2. The persons who hit the pup are no ordinary people. They are the brothers of janamejaya, grandsons of pandavas. They are prince's of the kingdom. Do Janemejaya's brothers need to drive the dog away themselves. Dont they have a vast army. Cant they ask some soldier to do it. Why do they have to trash it so badly? And then feel proud that they drove away a small pup and think themselves as great ksahitrayas (warriors) and go back to finish yaga.

This incident is very revelant in the current age. which is why Veda vysa gave this story. In general there can be only 3 types of person who we meet. 1.equal to us in terms of status/power 2.lower

**3. greater**

What do we see in the current society, there are many instances of misuse of the power they have. Peolple who are in power try to abuse, and treat who are under them. I am not trying to generalize. But I am just trying to show what veda vyasa tried to tell us. He tried to tell us how not to pursue our life. If we dont follow our bad karma will have an affect and in that situation we will be left with no clue why we are going through a bad phase in life.

Mahabharata is full of dharma's revelant to our everyday life. It is said that anything and everything can be found in Mahabharata. If it not there in Mahabharata it is not there anywhere else. It is up to the reader to find and interpret in a proper manner. (Quaro)

# बाल दिवसमा छात्राहरु पुरस्कृत

काठमाडौं/ बाल दिवस २०८१ को अवसरमा नेपाल बाल संगठनले आयोजना गरेको “राष्ट्रिय विद्यालय लोक नृत्य प्रतियोगिता २०८१” का विजयीहरुलाई प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले पुरस्कार वितरण गर्नु भएको छ।

आस्था विद्या मन्दिर (AVM Secondary School) का छात्राहरूले उत्कृष्ट प्रदर्शन गर्दै प्रथम स्थान हासिल गरेका थिए। प्रतियोगितामा देशभरका विभिन्न विद्यालयहरूले सहभागिता जनाए पनि उक्त विद्यालयका विद्यार्थीहरुको प्रस्तुतिले पुरस्कार पाउन सफल भएको हो।

आस्था विद्या मन्दिरका कक्षा सात र आठका छात्राहरू मिनाक्षी,



आयुष्मा, एलिना, अक्षा, यनी, रोइस्का, आयुषा र रश्मीले “सर्वोत्कृष्ट नृत्य” प्रस्तुत गरेका थिए। प्रधानमन्त्री ओली स्वयंले यो प्रतियोगिताको अवलोकन गरेका थिए।

प्रधानमन्त्री ओलीले कार्यक्रममा सम्बोधन गर्दै बालबालिकाको सृजनात्मकता, संस्कृति र प्रतिभाको प्रोत्साहन गर्न यस्ता कार्यक्रमहरूले महत्वपूर्ण भूमिका खेल्ने धारणा राख्नुभयो। प्रधानमन्त्री ओलीले बालबालिकाको प्रतिभा उजागर गर्न र संस्कृति जगेर्ना गर्न यस्ता प्रतियोगिताहरू अत्यावश्यक रहेको बताउनु भयो।

## गीतकार उपाध्यायलाई सम्मान

काठमाडौं/ विश्वकीर्तिमानी गीतकार तथा उपन्यासकार डा. डी.आर. उपाध्यायलाई वान स्टार लण्डनले सम्मान गरेको छ। उपाध्यायले गीत संगीत तथा विविध क्षेत्रमा पुऱ्याएको योगदानको मूल्यांकन गर्दै उक्त सम्मान गरिएको हो। वान स्टार लण्डन लिमिटेड युकेले गरेको सम्मानमा उपाध्यायलाई १५३ विश्व कीर्तिमान कायम गर्नुलाई आधार मानिएको हो। यो संस्था विश्वको चर्चित संस्था मध्ये एक रहेको र यसले सेलेक्टेड व्यक्तिहरूलाई मात्र सम्मान गर्ने गरेको पाइएको डा. उपाध्यायले बताउनुभयो।

डा.उपाध्यायले विभिन्न विधामा १५३ विश्व कीर्तिमान कायम गर्नुभएको छ। यस्तै, उहाँका एक दर्जन बढी उपन्यास, तीन गीति पुस्तक र ३६ एल्बम सार्वजनिक भएका छन्। दुई सय पचासको हाराहारीमा गीत सार्वजनिक गर्नुभएका उपाध्यायका सयौं गीतका भिडियो पनि सार्वजनिक छन्।

# भक्तपुरमा विद्यालय भवनको उद्घाटन

भक्तपुर/ ‘नेपाल-भारत विकास सहकार्य’ अन्तर्गत भारत सरकारको सहयोगमा विद्यालय भवनको निर्माण कार्य भएको छ।

एक करोड १३ लाख रुपियाँ आर्थिक सहयोगमा भक्तपुरको सूर्यविनायक नगरपालिकास्थित महेन्द्र शान्ति माध्यमिक विद्यालयमा भवन निर्माण गरिएको हो। उक्त नवनिर्मित भवनको भक्तपुर क्षेत्र नं.२ का सांसद दुर्लभ थापा क्षेत्रीको प्रमुख आतिथ्यतामा उद्घाटन गर्ने कार्य भएको छ। यसैगरी जिल्ला समन्वय समितिका प्रमुख ईश्वरबहादुर थापा, सूर्यविनायक नगरपालिकाका उप-प्रमुख सरिता तिमसिना (भट्टराई) र काठमाडौंस्थित भारतीय राजदूतावासका प्रथम सचिव अविनाश कुमार सिंहले संयुक्त रुपमा उद्घाटन गरेका थिए।

विद्यालयलाई आवश्यक अन्य सुविधासँगै तीन तल्ले विद्यालय भवनको निर्माणका लागि उक्त रकम खर्च भएको जनाइएको छ। भारत सरकार र नेपाल सरकारबीच भएको सम्झौता अन्तर्गत यो परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइएको थियो।



सन् १९५२ मा प्राथमिक विद्यालयको रुपमा श्री महेन्द्र शान्ति माध्यमिक विद्यालयको स्थापना भएको थियो। सन् १९९५ मा माध्यमिक तहमा स्तरोन्नति भएको यो विद्यालय जिल्लाकै पुरानो विद्यालयमध्येको एक हो। नर्सरीदेखि कक्षा १२ सम्म अध्यापन हुने यस विद्यालयमा कुल विद्यार्थी संख्या करिब आठ सयजना छन्।

OFFSET PRESS WORK
PAPER DESIGN
CALANDER DESIGN
FLEX BOARD PRINT
STAMP PRINT & Many More...
Pranish Design & Print
Mitrapark, Chabahil, (Behind Telecom)
Ph: 9841475151 / 014462939

# Character

**P. Pilgrim**

How important is someone’s character today? Do words like noble, honourable, moral, strong, and integrity still override all other baser adjectives? Or has society changed over the past decades so that there is no need for a good character? I believe that character defines who a person is. The word character comes from the Greek language, meaning "to make a mark." Your character is your mark on the world. I wonder what type of mark are you leaving in your family, your work or among your friends? Someone once said that people of genius are admired, people of wealth are envied, people of power are feared, but only people of “character” are trusted. Without character…you cannot be trusted, and if you cannot be trusted…you cannot lead. Your mark on the world will be limited. This week in the UK news a world-renowned news reader pleaded guilty to having the vilest of child pornography and was given a suspended sentences and ordered to pay the court costs. His fall from grace has been swift and his reputation is now in tatters. His career is finished and his character is destroyed, all by his own foolish and careless actions. Who would trust him now? Over the years many men and women in the public eye have had to resign and leave office in disgrace because of a character flaw. They have ruined their lives and their character. An interesting quote on character is by Frank Outlaw, who once said,

*Watch your thoughts: They become your words.*
*Watch your words: They become your actions.*
*Watch your actions: They become your habits.*
*Watch your habits: They become your character.*
*Watch your character: It becomes your destiny.*

The wisest man in the world, King Solomon put it like this, ‘A good name (character) is rather to be chosen than great riches,’ in the book of Proverbs chapter 22 verse 1, in the Bible. The truth behind these words is very true. A good character should be sought after and guarded as it is more essential than all the riches in the world. For once a good character, or a good name, is lost, it is lost forever.

The first step in developing a good character is being able to acknowledge your shortcomings. Once you are aware of them, you can begin the process of changing them. As I said character defines who you are. So, when we judge someone else, we often judge them based on character. For example, when someone always seems to do the right thing, we classify him/her as a person of high ethical standards. Likewise, when someone is constantly negative, we consider him/her to have a pessimistic view. These judgments occur in an instant, and whether they are right or wrong, they influence how we feel about a person. If we are so quick to judge others based on character, why then do so many of us fail to judge ourselves based on character? Many of us judge ourselves based on our accomplishments, the riches we have gained, but, yet fail to question our own integrity and honesty in achieving these accomplishments. Instead of being so quick to judge others, you need to take a look in the mirror and judge yourself. Perhaps you will see something you were not expecting. You may realize it's time to make a few changes. Our character is something we need to value like King Solomon said it is of greater value than many riches. It is the mark we leave in society and amongst our friends and families.

pilgrimway101@yahoo.com

निर्माणका लागि हामीलाई सम्झनु होस्

कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस्। विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरूका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ। त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरू तान्ने कार्यहरूमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं।

‘तपाईहरुको सन्तुष्टि नै हाम्रो उपलब्धि हो’

प्रविधि कन्स्ट्रक्सन प्रा.लि.

कृष्ण नगरकोटी
काठमाडौं - ११, काठमाडौं
सम्पर्क नं. ९८४१७२५६६२

## राष्ट्रिय ...

दिनमा थप विमानहरुको आवश्यकता औंल्याइएको हो। निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले साना विमान खरिद गरेर पहाडी र हिमाली क्षेत्रमा संख्या बढाउने र नियमित उडान गर्ने लक्ष्य लिइएको बताए। यसैगरी ट्रंक रुट (व्यावसायिक रुपमा फाइदा हुने रुट) का लागि ठूला विमान खरिद गर्ने योजना बनाइएको छ।

अबको योजनामा अस्ट्रेलियाको सिड्नीमा काठमाडौँबाट सिधा उडान राख्ने लक्ष्य निगमले लिएको छ। यसका लागि उडान अनुमति (एओसी) कालागि नागरिक उड्डयन अष्ट्रेलियामा कागजात पेस भएको र मूल्याङ्कन प्रक्रिया करिब सकिएको निगमले जनाएको छ।

## कांग्रेसनिकट ...

पाण्डेले २ हजार ८१० मत पाएका थिए ।२५ सदस्यीय एशोसिएसनको केन्द्रीय कार्यसमितिमा ३ जना मात्रै सिडेन बाहिरका विजयी भए। शुक्रबार मतदान भएर आइतबार सकिएको मत गणनामा डेमोक्रेटिक इन्जिनियर्स समूहले केन्द्रीय कार्य समितिमा अत्यधिक बहुमतका साथ विजयको माला पहिरिएको हो।

## अस्पतालमा ...

सो अस्पतालमा टाइल्स र मार्बल जडान,गाडी मर्मत, टिकट काउन्टरको रकम हिनामिना, भवन रङ्गरोगन, इन्धन खर्च, न्यानो झोला खरिद, करार कर्मचारी भर्ना लगायतका प्रक्रियामा अनियमितता भएको भनी उजुरी परेकाले ती विषयहरु समेतलाई आयोगले अनुसन्धान गर्ने बताइएको छ।

## बालसाहित्यलाई ...

- यो सम्मेलनमा ३१ जना विदेशी साहित्यकारहरुले नेपालमा आउने भनी प्रतिबद्धता जनाउनु भएको छ। सोही अनुसारको तयारी पनि गरिएको छ। यसरी आउने विदेशी साहित्यकारहरुमा भारत, चीन, बंगलादेश, श्रीलंका, भुटान, मलेशिया, जपान, दक्षिण कोरिया, डेनमार्क नेदरल्याण्डबाट रहनुभएको छ। यसैगरी नेपालका बालसाहित्यकारका रुपमा परिचित सबैजसो यो सम्मेलनमा सहभागी हुने अवस्था छ। विदेशबाट आउने साहित्यकारहरुले नेपाली बालसाहित्यका बारेमा जानकारी लिने तथा नेपालीले उहाँहरुबाट जानकारी पाउने स्थिति रहन्छ।

*सम्मेलनमा विदेशीहरुको बसोबास तथा अन्य व्यवस्था कसरी मिलाइएको छ ?*

- यो सम्मेलनमा सहभागी हुने विदेशी पाहुनाहरुका लागि हामीले खाने, बस्ने र घुम्ने व्यवस्था मिलाएका छौं। उहाँहरुले आतेजाते खर्च आफैं गरे पनि नेपालमा यो सम्मेलनमा आएका बखतको सम्पूर्ण खर्चको व्यवस्थापन हामी आयोजकहरुले नै मिलाएका छौं। यसकालागि कतिपय सहयोगी संस्थाहरुले पनि सहयोगको व्यवस्था मिलाएकाले उहाँहरुलाई नेपालमा यो कार्यक्रमसँग जोडिएर बस्दाको खर्चको भार उहाँहरुमाथि नपर्ने व्यवस्था मिलाएका छौं। कार्यक्रम नेपाल प्रज्ञा प्रतिष्ठानमै हुने भएकाले नजिकै होटलहरुको व्यवस्थापन गरी उहाँहरुलाई राख्ने प्रबन्ध मिलाएका छौं। यसैगरी दुई दिनको कार्यक्रम सकिएपछि तेस्रो दिन विदेशी पाउनाहरुलाई काठमाडौं उपत्यकाका विभिन्न स्थानहरुमा घुमाउने तथा राति खानपिनको व्यवस्था पनि मिलाएका छौं। विभिन्न देशबाट आउने विदेशीहरुको आफ्नो देशको भाषामै हामीले बुझाउन सम्भव नहोला भनी अंग्रेजी भाषाबाट पनि बुझाउने प्रयास हुनेछ। त्यस्तो अवस्थामा उहाँहरुले अंग्रेजी भाषालाई साझा भाषाको रुपमा प्रयोग गर्न सक्नु हुनेछ। यस बाहेक अन्य दिन बस्न चाहने विदेशीहरुले भने आफैंले व्यवस्थापन गरी बस्न सक्ने तथा उहाँहरुले नेपालमा केही गर्न चाहेमा त्यसमा हामीले सहयोग मात्र गर्न सक्ने भनेका छौं। केही आगन्तुकहरुले आफ्नै किसिमका छुट्टै कार्यक्रमहरु पनि बनाएको जानकारीमा आएको छ, त्यसमा हामीले सहयोगी हातको भूमिका भने निर्वाह गर्नेछौं।

*यो सम्मेलनबाट के उपलब्धी हुने देख्नु हुन्छ ?*

- पहिलो कुरा त नेपालमा यो अन्तर्राष्ट्रिय सम्मेलन नै ऐतिहासिक हुने भएकाले यसको ठूलो उपलब्धी मानेको छु। दोस्रो कुरा यो विधामा नेपालमा अन्तर्राष्ट्रियस्तरको सम्मेलन हुँदा नेपालमा बालसाहित्यमा लेखिएका पुस्तकहरुका बारेमा अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसार पनि हुने गर्दछ। यसैगरी तेस्रो उपलब्धीको रुपमा केही संख्यामा विदेशीहरु आए पनि उहाँहरु फर्किएर स्वदेश गएपछि उहाँहरुले नेपाल, नेपाली र नेपाली साहित्यका बारेमा कलम चलाउने हुँदा त्यसले नेपालको पर्यटनको विकासमा समेत सहयोग पुऱ्याउने अवस्था आउने देखिन्छ। नेपालीले लेखेका कतिपय पुस्तकहरु अर्को भाषामा अनुवाद गर्न सकिने अवस्थामा पनि यो सम्मेलनबाट हुन सक्ने देखिएको छ। विदेशीहरुले त्यस्ता पुस्तकहरुप्रति चासो दिएर आफ्नै देशको भाषामा अनुवाद गर्ने चाहना पनि राख्न सक्ने अवस्था देखेका छौं।

## सबैको...

संचालन गर्नका लागि कार्यहरु गरेका छौं। जिम्मेदारीहरु विभाजन गरी सबैले अपनत्व जनाउने गरी कार्यहरु गरेकाले व्यवस्थापनको पाटोमा सहजता पनि भएको हो। सामुहिकतामा विश्वास गरेर हामीले काम गरेका छौं। मूल समितिदेखि उपसमितिमा रहनु भएका सबैले एकदमै मेहनत गरेर आफ्नो जिम्मेदारी निभाउनु भएको छ। हालसम्मको अवस्था हेर्दा सम्मेलन राम्रो ढंगले गर्न सकिनेमा विश्वस्त छु।

*अन्तर्राष्ट्रिय सम्मेलनको सोच किन आयो ?*

- विभिन्न मुलुकमा यस्ता सम्मेलनहरु हुने गरेका छन्। हामी कतिपय त्यस्ता सम्मेलनमा गएका पनि छौं। त्यसरी जाँदा आफ्नो देशमा पनि त्यस्ता सम्मेलन गर्न पाए हुन्थ्यो भन्ने कुराको हुटहुटीले हामी सबैलाई सताउने गर्थ्यो। अन्तर्राष्ट्रियस्तरका सम्मेलन हुँदा विभिन्न देशबाट सहभागिता जनाइने तथा एक अर्काको अनुभव आदानप्रदान समेत हुने भएकाले त्यसले थप जानकारी हुने गर्दछ। सोही कारण पनि नेपालमा अन्तर्राष्ट्रियस्तरको सम्मेलन होस् भन्ने चाहना नेपाल बालसाहित्य समाजमा रहेका हामीहरुले राख्दै आएका थियौं। यसअघि पनि गर्ने प्रयासहरु भएका थिए तर अन्तिम समयमा आएर नमिलेको अवस्था थियो। म महासचिव भएर आएपछि मलाई अग्रजहरुको त्यो चाहनालाई पूरा गर्न पाए हाम्रो कार्यकाल झनै सफल हुने थियो भन्ने पनि लाग्यो। यो विषय बालसाहित्य समाजमा रहेका हामी सबैको चासो र चाहनाको विषय पनि थियो। त्यसैले हामी सबैले त्यसलाई फत्ते गर्ने सोचका साथ नेपाल प्रज्ञा प्रतिष्ठानमा प्रस्ताव राख्यौं। प्रतिष्ठानका हालका पदाधिकारीहरु पनि हाम्रो चाहनाप्रति सकारात्मक हुनु भयो। विगतमा कुरा भएर पनि व्यवहारमा उतार्न नपाइएको अवस्थामा प्रतिष्ठानका पदाधिकारीहरुलाई पनि यो राम्रो कर्म हो भन्ने लागेकाले यो सम्मेलन गर्ने कुरालाई मूर्त रुप दिने पक्षमा हामी सबै रह्यौं। त्यसैले सम्मेलन सफलतापूर्वक गरी अन्तर्राष्ट्रिय सम्मेलन गर्ने देशहरुको श्रेणीमा हाम्रो देश नेपाललाई पनि पार्ने हाम्रो चाहना छ। यसका लागि रुम टु रिड लगायत अन्य प्रकाशन समूहहरुले पनि साथ दिएकाले कार्यक्रम सफल हुनेमा आशावादी छौं।

*कार्यक्रमको रुपरेखा कस्तो छ नि ?*

मुख्य रुपमा उद्घाटन सत्रको आफ्नै महत्व हुने नै छ। त्यसबाहेक विभिन्न देशका विभिन्न बालसाहित्यकारहरुले कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम राखिएको छ। तिनीहरुमाथि सामुहिक तथा समूहगत रुपमा छलफल गर्ने सोच छ। यसका अतिरिक्त यो अवधिमा बालसाहित्यसँग जोडिएका विशिष्ठ व्यक्तित्वहरुलाई चिन्ने र चिनाउने अवस्था पनि हुन्छ। देशभरिबाट बालसाहित्यमा चासो राख्ने मानिसहरु सहभागी हुनु हुने भएकाले उहाँहरुबाट पनि महत्वपूर्ण सुझाव, अनुभव आदानप्रदान हुने अवस्था यो सम्मेलनले सिर्जना गरिदिन्छ। यसैगरी विभिन्न पुस्तकहरुको सार्वजनिकीकरण गर्ने तथा बालसाहित्यका पुस्तकहरुको प्रदर्शनी पनि सम्मेलनका आकर्षण हुन्। चित्रकलाको प्रदर्शनी अनि प्रज्ञा प्रतिष्ठानले आफ्नो तर्फबाट दिने अन्य प्रस्तुतिहरु पनि सम्मेलनका आकर्षक पक्ष हुन्।

## सहकारी ...

उता, सत्तारुढ दलका सांसद एवम् नेकपा (एमाले) का नेता ऋषिकेश पोखरेल पनि सहकारी ठगी काण्डमा जोडिएको समाचार आएको छ। उनकी पत्नी संचालक समितिमा रहेको एउटा सहकारीको रकम अपचलनको विषय पछिल्लो समयमा आएको छ। मोरङमा रहेको उक्त सहकारीको रकम अपचलन प्रकरणमा पोखरेलको सम्पत्ति जफत हुनसक्ने कानूनी व्यवस्था रहेको भनी जानकारी आएपछि नेकपा (एमाले) लाई यो प्रकरणमा जोडेर हेर्न थालिएको छ।

त्यसो त सत्तारुढ दलहरुमध्ये सबैभन्दा ठूलो दल नेपाली कांग्रेसका उपसभापति एवम् सांसद धनराज गुरुङलाई पनि सहकारी प्रकरणले मज्जैले छोएको छ। उनकी पूर्वपत्नी ललितपुरको एक सहकारी प्रकरणको रकम अपचलन प्रकरणमा परेकी हुन्। पत्नीले रकम अपचलन गरेको अवस्थामा उनीहरुले सम्बन्धविच्छेद गरी जोगिने प्रयास गरेको भनी सांसद गुरुङमाथि आरोप लाग्दै आएको छ।

यसअघि राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद गीता बस्नेत पनि सहकारीको रकम अपचलन प्रकरणमा परी फरार अवस्था रहेकी छिन्। विभिन्न जिल्लामा रहेका तथा रकम अपचलन भएका भनिएका सहकारीहरुमा सबैजसो दलका नेताहरु जोडिएका कारण यो प्रकरण कसरी जाला भनी सर्वसाधारणमा चासो छाएको छ। सबैजसो दलका नेताहरु पर्ने अवस्थामा कसैलाई कारबाही नगरी यो विषय नै विषयान्तर गराइने त होइन भनी चर्चा चल्न पनि थालेको छ।

## आजदेखि ...

बताइएको छ। यसैगरी नेपालबाट सहभागी हुन आउनेहरुका लागि खाने तथा कार्यक्रममा सहभागी हुने व्यवस्था मिलाइए पनि बसोबासका लागि भने स्वयमूले व्यवस्था मिलाउनुपर्ने बताइएको छ। दुईसम्म चल्ने यो सम्मेलन नेपालमा पहिलो पटक हुन लागेको हो।

सम्मेलनमा विभिन्न शीर्षकमा कार्यपत्रहरु प्रस्तुत गरी तिनीहरुमाथि छलफल गरिने बताइएको छ। यसैगरी तेस्रो दिन विदेशी सहभागीहरुलाई काठमाडौं उपत्यकाका विभिन्न स्थानहरुको अवलोकन भ्रमण गराउने कार्यसूची पनि आयोजकले सार्वजनिक गरेको छ।

## सरकारले ...

पेन्सन दिदैं आएको छ। अहिले पेन्सन खाने कर्मचारीको संख्या मात्र लाखमाथि छ। उनीहरुलाई पेन्सन दिँदा मात्र राज्यको मासिक करोडौं सकिने गरेको छ।

यहाँ ज्येष्ठ नागरिक, एकल महिला, अपांगताको संख्या ४० लाख छ। उनीहरुले मासिक एक हजारदेखि पाँच हजारसम्म भत्ता थाप्छन्। हाम्रो देशमा उद्योग, कलकारखाना छैन। आम्दानीको स्रोत कहीँ कतै छैन। जनता महंगी, बेरोजगारीका कारण मारमा परेका छन्। उनीहरु राज्यलाई राजस्व तिर्न नसक्ने अवस्थामा पुगेका छन्।

सरकारले विदेशीसँग मात्र २७ खर्ब ऋण लिइसक्यो। यसको ब्याज मात्र मासिक अर्बौं तिर्नुपर्छ। मुलुकको अधिकांश भूभाग त भारत र चीनले कब्जा गऱ्यो नै अब विदेशीसँग लिएको यो ऋण तिर्न नसके नेपाल नै नरहने अवस्था निम्तिएको छ। विदेशीले हामीलाई यत्तिकै यत्रो ऋण दिएको होइन। हाम्रो भूभाग राम्रो देखेर दिएको हो। केही गरी ऋण तिर्न नसके देशमाथि नै कब्जा जमाउने उनीहरुको दाउ छ। अहिले सरकार एउटाबाट ऋण ल्याएर अर्कोको साँबाब्याज तिरिरहेको छ। अर्कोबाट ऋण लिएर कर्मचारीलाई तलब खुवाउँछ। यसले विदेशी ऋण झन् झन् बढ्ने छ। २७ खर्ब रहेको विदेशी ऋण केही समयअघि ५२ खर्ब पुग्ने छ।

अनि यो ऋण कहाँबाट पैसा ल्याएर तिर्छ सरकारले। नेपाल हजारौं वर्षअघिको देश हो। यो हाम्रो स्वतन्त्र राष्ट्र हो। कहिले कसैको अगाडि नझुकेको देश हो, नेपाल। विगतमा विभिन्न देशमाथि कब्जा हुँदा नेपालमाथि हुन सकेनन्। यसको मतलब कसैले प्रयास नगरेको भने विल्कुल होइन। हाम्रो मुलुकमाथि कब्जा जमाउन कयौं पटक प्रयास भए यद्यपि सफल हुन सकेन। नेपालीजन आफ्नो ज्यान जोखिममा राखेर देशको लागि लडे। त्यसैले, अहिले विश्वसामु नेपाल वीर गोर्खालीको राष्ट्र भनेर पनि चिनिन्छ। त्यहीँ वीर गोर्खाली देश आज विदेशीसँग आफ्नो मुलुक चलाउन ऋण माग्नुपर्ने अवस्थामा पुगेको छ। जुन समग्र नेपालीको लागि दुर्भाग्यको कुरा हो।

राजनीतिक दलका नेताहरुले राष्ट्र र जनताको अवस्थामा परिवर्तन ल्याउने भन्दै देश नै बर्बाद पारिदिए। आज ऋणको बोझका कारण देशै विदेशीको हुने परिस्थिति सिर्जना भएको छ। पहिलापहिला मानिसहरुको एउटा घर र गोठ हुन्थ्यो। घर कच्ची माटोको हुन्थ्यो। घरमा मान्छे बस्थे भने गोठमा गाई, भैंसी, दाउरा राखिन्थ्यो।

प्रत्येक मानिसको घरमा ३०/३५ मुरी खाद्यान्न हुन्थ्यो। कसैको घरमा त्यसको दोब्बर हुन्थ्यो। वर्षभरी पुग्ने मकै, धान, गहुँ, तोरी, भटमासलगायत खाद्यान्न घरमै हुन्थ्यो। त्यतिबेला केही पनि बाहिरबाट किन्नु पर्दैन्थ्यो। नून र कपडा मात्र किनिन्थ्यो। अरु सबै आफ्नै खेतबारीमा उब्जनी गरी खाइन्थ्यो। घर जस्तोसुकै भएपनि त्यतिबेला मानिसहरु धनी थिए।

पछिल्लो समय गाउँदेखि सहरसम्म सिमेन्टका घर बनेका छन्। घरमा सिसै सिसा हालिएको हुन्छ। त्यो रकम मानिसको नाममा हुदैंन। बैंक, वित्तीय संस्थाको नाममा हुन्छ। अर्कोतर्फ, अहिले गुन्द्रकसम्म किनेर खाइन्छ। मानिसको घर त छ तर खेतबारी छैन। खेतबारी भएपनि गाउँमा बाँझो छोडिएको छ। यसले उनीहरु खाद्यान्न किनेर खान्छन्। फेरि त्यो खाद्यान्न नेपालभित्रै उब्जनी भएको भए त ठिक्कै पनि थियो तर हामीले अहिले उपभोग गर्ने हरेक बस्तु तथा सेवा विदेशीबाट ल्याइएको हो।

हामीले हाम्रो खेत बाँझो मात्र छोडिरहेका छैनौं। विदेशीलाई धनी पनि बनाइदिएका छौं। उनीहरुले जति भन्यो, त्यतिमै सामान किनेर खाइरहेका छन्। नेपालको धेरै भूभाग घर र बाटोले मासिएको छ। बाँकी अधिकांश जमिन पनि बाँझै रहँदा उब्जनी दिनप्रति दिन घट्दो छ। सरकोरवालाहरु जमिनमा घर बनाउनभन्दा पनि खेतीपाती गर्नमा जोड दिदैंनन्।

यसले एकातिर देशमा व्यापार घाटा बढ्दो छ भने अर्कोतिर भोकमारीको संकेत देखिएको छ। यदि भविष्यमा विदेशीले खाद्यान्न निर्यातमा रोक लगाइदिए हामी नेपाली भोकभोकै मर्नुपर्ने अवस्था आउने छ। केही वर्षयता मानवीय स्वास्थ्यमा विभिन्न खालका रोग देखिन थालेका छन्। सुगर, प्रेसर, माटोपन जटिल समस्या बन्दै गएको छ।

तीन/चार दशकअघि मधुमेह कसैमा देखिदैंन्थ्यो। न त मोटोपन नै हुन्थ्यो किनकि त्यतिबेला मानिसहरु काम गर्थे। बिहानै पानी लिन घण्टौको बाटो हिँडेर धारा पुग्थे। त्यति नै बाटो हिँडेर खेतबारी जानुपर्थ्यो। त्यो पनि मलको बारी बोकेर। त्यसबेला मानिसहरु भातभन्दा पनि ढिँडो खान्थे तर अहिले भात मात्र खाइन्छ।

अर्कोतर्फ, खेतबारी कसैको छैन। पानी पनि घरमै आउँछ। अहिले मानिस बिहान ढिलोसम्म सुत्छन् अनि जथाभावी खाना खान्छन्। काम चाहीँ केही गर्दैनन्। यसले पनि मानवीय स्वास्थ्यमा विभिन्न खालका रोग देखिन थालेको हो। कोही पनि रोग देखिएपछि बिहान दौडिन्छन्। पहिला काम गरेर जीउ स्वस्थ राखिन्थ्यो भने अहिले शरीर स्वस्थ राख्न 'मर्निङ वाक' मा हिँडिन्छ।

दलाली, भूमाफियाहरुले जग्गाको मूल्य एकाएक बढाए। सबै मानिस घरजग्गा किन्न वा बनाउनतर्फ मात्र लागे। यसले उद्योग, कलकारखानामा लगानी गर्ने घटेसँगै मुलुकमा रोजगारीको अवसर पनि सिर्जना हुन नसकेको हो। दलालीहरुकै कारण आज रोजगारीको खोजीमा नेपालीहरु विदेशिनु परिरहेको छ।

२०३२ सालसम्म नेपालले अन्य मुलुकमा खाद्यान्न निर्यात गर्दथ्यो। अहिले विदेशीले एक हप्ता मात्र खाद्यान्न नपठाए हामी भोकभोकै मर्नुपर्छ। योभन्दा ठूलो विकास के हुन सक्छ! राजनीतिक दलहरुले अब देशका लागि के चाहिँ गर्न बाँकी छ ? नेताहरुले देश मात्र बेचेका छैनन्। जनता पनि विदेशीलाई बेचेका छन्। नेपालीलाई रोजगारीको नाममा भेडाबाख्राझैं विदेशमा बेचिएको छ। अब जनता र सञ्चारकर्मी दुवैको आँखा खोलिनुपर्छ। सञ्चारकर्मीहरुले देश र जनताको लागि कलम चलाउनुपऱ्यो।

# नेशनल लाइफको सम्मान कार्यक्रम

काठमाडौं/ नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लि.ले जनकपुरमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतको सभापतित्वमा सिइओ क्लब सदस्य सम्मान कार्यक्रम सम्पन्न गरेको छ।

आर्थिक वर्ष २०८०/८१ मा तोकिएको बीमाशुल्क संकलन गरी मधेश प्रदेशबाट योग्य १५० जनाभन्दा बढि अभिकर्ताहरु, विभागीय प्रमुख, प्रदेश प्रमुख एवं शाखा प्रमुखहरुको सहभागितामा कम्पनीले सिईओ क्लब सदस्य बन्न सफल अभिकर्ताहरुलाई सम्मान कार्यक्रम सम्पन्न गरेको हो।



प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले सम्मान कार्यक्रममा मधेश प्रदेशबाट सिइओ क्लबका सदस्य हुन सफल अभिकर्ताहरुलाई सिइओ क्लब सदस्यता वितरण गरे। खत्रीले मधेश प्रदेशबाट नेशनल रत्न हुन सफल अभिकर्ताहरुलाई पनि नेशनल लाइफ लोगो अंकित चाँदीको मेडल, सर्टिफिकेट र खादाबाट सम्मान गरेका थिए।

सम्मानित बिजनेश लिडरहरुले सम्मान ग्रहण गर्न पाउँदा आफूले गरेको मेहनतको कदर भएको र अत्यन्तै गर्व लागेको बताएका थिए।

# सोह्र श्राद्धको महत्व

काठमाडौं/ प्रत्येक वर्ष आश्विन कृष्ण प्रतिपदादेखि शुरु हुने सोह्र श्राद्ध अर्थात् पितृ पक्ष बुधबारदेखि आरम्भ भएको छ। प्रतिपदा तिथि श्राद्धको पिण्डदान अपराह्नकालमा गर्नुपर्ने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ।

धर्मशास्त्रविद् प्राडा देवमणि भट्टराईका अनुसार आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्मका सोह्रवटा तिथिमा दिवङ्गत पितृलाई सम्मानका साथ तर्पण, सिदादान र पिण्डदान गरिने भएकाले यसलाई सोह्रश्राद्ध भनिएको हो। यो समयलाई अपर, प्रेत पक्ष आदि नामले पनि बुझिने गरिएको बताइएको छ। चाडपर्व यज्ञयागादि तथा ठूलाकार्य गर्नुअघि पितृलाई श्रद्धाभक्तिका साथ सम्झिने वैदिक सनातन हिन्दू शास्त्रीय परम्पराअनुसार सोह्रश्राद्ध गर्ने गरिएको बताइन्छ। सोह्रश्राद्ध गर्नाले पितृप्रतिको आफ्नो दायित्वबोध पूरा हुनाका साथै पितृऋणबाट पनि मुक्त भइन्छ भन्ने धार्मिक विश्वास छ। जाताशौच, मृताशौच र पत्नी रजस्वला भएका अवस्थामा बाहेक सोह्र श्राद्ध छोड्नु नहुने बताइन्छ। कारणवश सोह्र श्राद्ध रोकिँदा शास्त्रमा अनेक विकल्प दिइएकाले सोही अनुसार कार्य गर्न सकिने पनि बताइएको छ। सोह्र श्राद्धकर्ताले आफ्ना पिताको तिथिमा गर्नुपर्ने धार्मिक मान्यता छ। कुनै कारणवश अड्किएमा आश्विन कृष्ण औंसीदेखि आश्विन शुक्ल पञ्चमीसम्म गर्न हुने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद्हरुले बताएका छन्।

यो समयमा पनि कारणवश सोह्र श्राद्ध गर्न नसकिएमा कार्तिककृष्ण औँसी अर्थात् लक्ष्मीपूजाका दिन गर्न सकिने अर्को विकल्प पनि रहेको छ। कार्तिककृष्ण औँसीमा पनि गर्न नसकिने भएमा वृश्चिक सङ्क्रान्ति अर्थात् मङ्सिरसम्म जुराएर गर्न सकिने धर्मसिन्धु नामक शास्त्रीय धर्मग्रन्थमा उल्लेख गरिएको भट्टराईले जानकारी दिए।

यसैगरी आश्विन शुक्ल पञ्चमीपछिका अष्टमी, द्वादशी र औँसी, भरणी नक्षत्र र व्यतीपात योग परेका दिन जुनसुकै तिथि परेपनि रोकिएको सोह्रश्राद्ध गर्न सकिने शास्त्रीय विकल्पसमेत निर्णयसिन्धु, धर्मसिन्धुलगायत धर्मशास्त्रका ग्रन्थमा दिइएको छ। त्यसपछि पनि सोह्रश्राद्ध गर्न नसकिएमा सक्नेले आफैँ नसक्नेले ब्राह्मणमार्फत् दैनिक एक सय आठ मन्त्र जप गर्न सकिने शास्त्रीय विकल्प रहेको बताइएकोछ। विधिपूर्वक यस्तो जप १० महिनासम्म गर्नुपर्छ।

# भैरव पुरस्कार तीनजनालाई

काठमाडौं/ भैरव अर्यालको स्मृतिमा स्थापित पुरस्कार तीन जनालाई प्रदान गरिने भएको छ। भैरव पुरस्कार गुठीका अध्यक्ष वरिष्ठ साहित्यकार रोचक घिमिरेका अनुसार २०८१ सालको भैरव पुरस्कार हास्यव्यङ्ग्यकार लक्ष्मण गाम्नागेलाई प्रदान गरिने भएको हो। गाम्नागेले पाउने भनिएको यो पुरस्कारको राशि १ लाख ११ हजार १ सय ११ रुपियाँ रहेको छ।भैरव वाङ्मय पुरस्कार कोषकार चुडामणि गौतमले पाउने भएका छन्। उक्त पुरस्कारको राशि १ लाख १ हजार १ सय ११ रुपियाँ रहेको छ। उता, भैरव प्रतिभा पुरस्कार कलाकार लक्ष्मी गिरीले पाउने भएकी छिन्। यो पुरस्कारको राशि भने ५१ हजार १ सय ११ रुपियाँ रहेको छ।

गुठीले साहित्यकार गोपाल बरालको संयोजकत्वमा साहित्यकारद्वय नरनाथ लुइँटेल र हरिकला उप्रेती सदस्य रहेको चयन समिति गठन गरेको थियो।यही असोज १९ गते शनिबार राजधानीको गोकर्णेश्वर-५ स्थित भैरव स्मृति भवनमा कार्यक्रम गरेर पुरस्कारहरू वितरण गरिने गुठीले जनाएको छ।

अन्तर्राष्ट्रिय सम्मेलनको शुभकामना

नेपाल प्रज्ञा प्रतिष्ठान र नेपाल बालसाहित्यसमाजद्वारा नेपालमा पहिलो पटक आयोजित (२०८१ असोज ४ र ५ गते) अन्तर्राष्ट्रिय बालसाहित्य सम्मेलन-२०८१ मा देश-विदेशबाट पाल्नु हुने सबै प्रतिनिधि तथा सहभागीहरुलाई सम्मेलनको सफलताको कामना गर्दछौं। साथै, विभिन्न राष्ट्रबाट पाल्नु हुने अतिथिहरुले नेपालमा न्यानो आतिथ्यताका अतिरिक्त नेपालको बालसाहित्य तथा सुन्दर नेपालका बारेमा जानकारी पाउन सफल हुनु होस् भन्ने कामना पनि गर्दछौं।

बि.एस. प्रकाशन प्रा.लि.
परिवार

अन्तर्राष्ट्रिय सम्मेलनको शुभकामना

नेपाल प्रज्ञा प्रतिष्ठान र नेपाल बालसाहित्यसमाजद्वारा नेपालमा पहिलो पटक आयोजित (२०८१ असोज ४ र ५ गते) अन्तर्राष्ट्रिय बालसाहित्य सम्मेलन-२०८१ मा देश-विदेशबाट पाल्नु हुने सबै प्रतिनिधि तथा सहभागीहरुलाई सम्मेलनको सफलताको कामना गर्दछौं। साथै, विभिन्न राष्ट्रबाट पाल्नु हुने अतिथिहरुले नेपालमा न्यानो आतिथ्यताका अतिरिक्त नेपालको बालसाहित्य तथा सुन्दर नेपालका बारेमा जानकारी पाउन सफल हुनु होस् भन्ने कामना पनि गर्दछौं।


अभियान डिजिटल वर्ल्ड प्रा.लि.
परिवार

अन्तर्राष्ट्रिय सम्मेलनको शुभकामना

नेपाल प्रज्ञा प्रतिष्ठान र नेपाल बालसाहित्यसमाजद्वारा नेपालमा पहिलो पटक आयोजित (२०८१ असोज ४ र ५ गते) अन्तर्राष्ट्रिय बालसाहित्य सम्मेलन-२०८१ मा देश-विदेशबाट पाल्नु हुने सबै प्रतिनिधि तथा सहभागीहरुलाई सम्मेलनको सफलताको कामना गर्दछौं। साथै, विभिन्न राष्ट्रबाट पाल्नु हुने अतिथिहरुले नेपालमा न्यानो आतिथ्यताका अतिरिक्त नेपालको बालसाहित्य तथा सुन्दर नेपालका बारेमा जानकारी पाउन सफल हुनु होस् भन्ने कामना पनि गर्दछौं।

इनरुवा सेवा समाज
परिवार

# Participates from Foreign Country for International Conference


Ajit Patra
India


Atanu Kumar Basu
India


Chhatrapati Fual
Bhutan


Chulananda Samaranayake,
Sri Lanka


Deepa Agarwal
India


Dr. Dipen Tamang
India


Dr. Tek Bahadur Chhetri
India



Haruhito Nozu
Japan


Huang Chunhua
China


Humayun Kabir Dhali
Bangladesh


Janapriya Gamage
Sri Lanka


Janapriya Gamage
Sri Lanka


Li Mengwei
China


Liao xiaoqin
China



Liu Dihong
China


Mahesh Pathirathna
Sri Lanka


Marleen Fischer
Netherlands


Md Zahidul Islam
Bangladesh


Mehedi Hasan
Bangladesh


Moon Changgil
South Korea


Peng Liurong
China


Peng Liurong
China


Prof. Kabita Lama
India


Sally Altschuler
Denmark





Sally Altschuler
Denmark


Wu yiwei
China


Zheng Liwei
China


## संविधानको रक्षार्थ सबै जुटौं

- संविधान देशको मूल कानून तथा राजनीतिक र सामाजिक सहमतिको दस्तावेज हो ।
- संविधान प्रदत्त जनताको हक र अधिकारको रक्षा गर्नु सबैको कर्तव्य हो ।
- संविधानको मर्मअनुरुप निर्माण गरिएका कानूनले राज्यका निकायहरुको क्षेत्राधिकार निर्धारण गरी नागरिक अधिकारलाई रक्षा गरेको हुन्छ ।
- संविधानसँग बाझिने कानून, नीति तथा विधिहरु अमान्य हुन्छन् ।

त्यसैले संविधानको पालना गर्नु सबैको कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड